# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १४ जेठ २०८०
# आइतवार
# बैठक सङ्ख्या- ९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:२० बजे प्रारम्भ भयो ।

**(१३:२२ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय नर बहादुर विष्ट । समय ७ मिनेट । यसपछि माननीय रामचन्द्र राई ।

**(१३:२३ बजे)** **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय सभा अध्यक्षज्यू, म केही समसामयिक विषयमा कुरा गर्न चाहन्छु । सर्वप्रथम म भोलि १५ गते पन्ध्रौं गणतन्त्र दिवसको उपलक्ष्यमा, पन्ध्रौं गणतन्त्र दिवसको उपलक्ष्यमा म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु तथा गणतन्त्र प्राप्तिको लडाइँमा सहादन प्राप्त गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धा सुमन, बेपत्ता, घाइतेप्रति सम्मान र गणतन्त्र ल्याउनुको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने मुख्य नेतृत्व गणप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

आज देश एउटा चर्चाको विषय बनेको छ, भ्रष्टाचारसम्बन्धी । र भुटानी शरणार्थी, नक्कली भुटानी शरणार्थीमा १६ जना थुनामा छन्, १६ जना फरार छन् । एउटा जुन राज्यको नागरिक आफ्नो नागरिकता त्यागेर अमेरिका जाने जुन खालको त्यसलाई प्रोत्साहन दिने जुन अपराधिक घटना भएको छ, त्यो निन्दनीय नै छ । त्यस अपराधमा, त्यो राजद्रोहमा संलग्न निष्पक्ष छानबिन होस् र दोषीलाई कारबाही होस् । निर्दोष नफसोस् भन्ने नै छ ।

र अर्कोतिर जुन खालको यो भ्रष्टाचार छ, सुशासन हुन सकेन म केही कुरा राख्न चाहन्छु । भ्रष्टाचार भनेको हाम्रो दुइटा निकाय छ । एउटा अख्तियार अनुसन्धान दुरुपयोग आयोग छ । यो आयोगको २०७२ को संविधान समय अनुकुल छैन । किनभने त्यो आयोगमा कस्ता मान्छे जान्छन् भन्ने कुराहरू यो कसैले छिपाएर छिप्दैन । दलीय राजनीतिकको आधारमा भागबन्डा हुन्छ । जसले चैं तपाईंको दशौं, बिसौं वर्षसम्म निजामती कर्मचारीमा रिटायर लाइफ जान्छ सचिव भएर । अनि त्यसले जसले अकुत सम्पत्ति कमाएको हुन्छ, त्यो मान्छे गएर अख्तियारको प्रमुख हुन्छ । अख्तियारको प्रमुखमा त्यहाँ जाने कर्मचारी कहाँ कहाँबाट जान्छन् त भन्दाखेरि जसले चैं सबैभन्दा बढी पैसा कमाउँछ मालपोत कार्यालयका डिल्लीबजारका मान्छेहरू त्यहाँ जान्छन् । त्यहाँका मान्छे चैं डिल्लीबजार आउँछन् । थुप्रै विकासे अड्डाहरूमा जाने जुन खालको प्रवृत्ति छ, यसलाई हामीले निरुत्साहित गर्न सक्छौं कि सक्दैनौं? भ्रष्टाचार भनेको कसैको, यो राष्ट्रको अपराध हो । यसले सुशासन गर्न सक्दैन ।

जसले अर्को चैं सम्पत्ति शुद्धीकरण विभाग छ हाम्रो एउटा । हामीले अहिलेसम्म कहीं था' पाएका छौं कि सम्पत्ति शुद्धीकरण विभागले अकुत कमाएको सम्पत्ति जफत गरेको इतिहास छ कहीं? छैन । त्यसैले म के भन्न चाहन्छु त भन्दाखेरि सबैभन्दा बढी पैसा कमाउने सम्पत्ति शुद्धीकरणको डीजी हुन्छ । अनि उसले सम्पत्ति शुद्धीकरण गर्छ? सम्पत्ति शुद्धीकरणमा छानबिन गर्छ? त्यो सहसचिव लेबलको मान्छे, जसले त्यो था' पाएको छ भ्रष्टाचारी कसरी गर्नुपर्छ, कहाँबाट गर्नुपर्छ भन्ने जसले था' पाएको हुन्छ, त्यही मान्छे त्यहाँ पठाउँछौं हामीले । त्यसैले मेरो सम्माननीय अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण के गराउन चाहन्छु त भन्दाखेरि अब यो अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निष्पक्ष, स्वतन्त्र व्यक्तिको त्यहाँ प्रवेश हुनुपर्छ । कर्मचारीहरू निजामती कर्मचारीबाट त्यहाँ राख्ने होइन । निश्चित अवधिको लागि करारमा राखौं । ५ वर्ष, १० वर्ष मा जसले त्योसम्बन्धी त्यो फरक खालको मान्छे त्यसले स्वतन्त्र, निष्पक्ष होस्, जसले चैं भ्रष्टाचारीमाथि कारबाही गर्न सक्ने आँट होस् । र सम्पत्ति शुद्धीकरणमा पनि त्यही हुनुपर्छ । त्यो निजामती कर्मचारी, बाहलवाला कर्मचारी होइन कि त्यसलाई स्वतन्त्र ढङ्गले एउटा आह्वान गरौं । निष्पक्ष ढङ्गले हामीले प्रतिस्पर्धाको आधारमा पठाऊँ । अनि मात्र चैं

सम्पत्ति शुद्धीकरणलाई सम्पत्ति शुद्धीकरण जफत गर्न सक्ने, on the spot मा जफत गर्न सक्ने अधिकार सम्पन्न हामीले कानुन बनाऊँ । त्यो कानुनको आधारबाट मात्रै हामीले सम्पत्ति जफत गर्न सक्ने कानुन बनाऊँ । नत्र हामीले जति सुशासनका कुरा गरे पनि, जति भ्रष्टाचारका नियन्त्रण गर्ने कुरा गरे पनि हामीले त्यस्तै मान्छे त्यहाँ पठाउँछौं । अनि त्यसले न सुशासन कायम गर्छ, न जनताको पक्षमा काम गर्छ, न भ्रष्टाचारीलाई कारबाही गर्छ किनभने उँ स्वयम् भ्रष्टाचारी छ ।

अहिले पनि हामीले थुप्रै आयुक्तहरू छन् त्यहाँ । हामीले सुनेका छौं थुप्रै मान्छेहरू, थुप्रै फाइल दशौं वर्षसम्म फाइल पेन्डिङमा राखेर जाने, आफू अनुकूलतामा जाने गर्ने जसले चैं हजार रुपैयाँ घुस खान्छ उसलाई कारबाही गर्ने, अरबौं रुपैयाँलाई चैं सफाइ दिने । एउटा मात्र उदाहरण । शिष्ट सिँचाइको १० अरब रुपैयाँको भन्दा बढीको थियो । त्यहाँ निर्दोष मान्छे पनि थिए । तर उसको चैं त्यो विशेष अदालतबाट आएर सफाइ पाएको छ । त्यसैले किनभने त्यहाँ प्रभावित छ, त्यहाँ दलीय राजनीतिको प्रतिनिधित्व छ । त्यसैले अमुक नेताको निर्देशनमा चल्ने भएको हुनाले त्यसैले यो स्वतन्त्र निष्पक्ष छैन । र त्यसैले यो स्वतन्त्र निष्पक्ष र जनताप्रति, राष्ट्रपति बफादार हुने स्वतन्त्र न्यायिक एउटा समिति बनाऊँ । त्यो समितिले नयाँ कानुन बनाऊँ र अनि मात्रै यो एक्काइसौं शताब्दीको सुशासनमा हामीले काम गर्न सक्छौं, विकास निर्माणको काम गर्न सक्छौं । र अहिले राज्यले चाहेको अनुसारको हामीले, त्यो सरकारले चाहेको अनुसार चैं भ्रष्टाचारमुक्त समाज बनाउन सक्छौं । र हामी सबै राजनीतिक दलहरू माथि उठेर कुनै पक्ष विपक्ष होइन, राष्ट्रको यो भ्रष्टाचारलाई मुक्त गर्नको लागि, भ्रष्टाचार नियन्त्रण गर्नको लागि सबै राजनीतिक दलहरू, सबै शीर्ष नेतृत्व एक ठाउँमा आएर त्यो खालको अभियान ल्याऊँ । अनि मात्रै यो देशमा सुशासन ल्याउन सकिन्छ भन्ने मेरो भनाइ हो । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय रामचन्द्र राई । समय ८ मिनेट । यसपछि माननीय कमला पन्त ।

**(१३:३० बजे) <u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज सदन सुशासनको पक्षमा, भ्रष्टाचारको विरुद्धमा दुइटै सदनमा आवाजहरू उठिरहेका छन् । मैले पनि यही सुशासन कै सन्दर्भमा कुरा उठाउन गइरहेको छ । आज हामीले भ्रष्टाचार भयो भनेर अन्य धेरै ठाउँका कुरा गरिरहेका छौं । हामीले हेर्दा हेर्दै बुझिरहेको कुरा नेपालमा रहेका यी सरकारबाट सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थाहरू दिन

प्रतिदिन टाट पल्टिँदै ग'का छन् । त्यो नेपाल आयल निगम सधैँ घाटामा छु भनेर भन्छ । दुग्ध विकास संस्थान घाटामा छु भनेर भन्छ । एनटीभी घाटामा छु भनेर भन्छ । हेटौंडा सिमेन्ट घाटामा छु, उदयपुर, विरगञ्ज चिनी कारखाना त बन्द नै भयो । मैले यहाँ सम्झन चाहेको कुरा के भन्दाखेरि निजी डेरीहरूले सानो गाडीबाट ओसारेको दुध बेचेर पाँच वर्षभित्रमा अर्को तीनओटा उद्योग स्थापना गर्छ । हाम्रो डेरी जुन किसानबाट संकलन भएको दुध ल्याएर बेच्छ । तर प्रतिवर्ष झन् झन् ऋणमा डुब्दै जान्छ । यसका पछाडी केही कारण छन् । हामी सबैले बुझेकै छौं । म यी सबैको कुराभन्दा फरक कुरा गर्न लागिरहेको कुरा के हो भनदेखि सिंहदरवारको नाकै तल्लोपट्टि, आँखैअगाडि रहेको एनटीभी छ ।

(१३:३२ बजे) **पीठासीन**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- यो बदमासी सार्वजनिक संस्थाहरूमा कसरी बदमासी हुँदो रहिछ भन्ने बारेमा यसको थोरै केही उदाहरणहरू म यहाँहरूका बिचमा सदनमा राख्न चाहन्छु । एनटीभीले नेपाल सरकारले एनटीभी वर्ल्ड सञ्चालन गर्न भनेर गत साल ३५ करोड रुपैयाँ अनुदान लियो । त्यो पैसा कार्यक्रम सञ्चालन नगरीकन कुनै एउटा प्राइभेट बैङ्कमा राख्यो । त्यो पनि एकदम कम ब्याजदरमा राख्यो । र त्यो ब्याजदर बारेमा पाँच, छ महिनापछाडि त्यहाँका कर्मचारीले थाहा पाएपछि त्यो कुरा उठाए । त्यो कुरा उठाइसकेपछि त्यो त्यही बैङ्कले फेरि त्यहीँ रुपैयाँ तीन प्रतिशतमा पहिला राखेको पैसा, छ महिना पछाडी कुरा उठाएपछि त्यसलाई ११ पर्सेन्टमा राख्न सुरु गर्‍यो । भनेको यो बिचको छ महिनामा झन्डै २ करोड जतिको हेराफेरि कहाँ, कसरी भो'?

यस्तै कुरा एनटीभी अहिले स्याटलाइटमा गयो । एनटीभी नेपाली नागरिकलाई सजिलोसित यसले चाहिँ सूचना र मनोरञ्जन दियोस् भनेर सरकारबाट स्थापित भएको संस्था हो । यो टीभी स्याटलाइटमा गइसक्दाखेरि पनि आजका मितिमा हामीले हेर्दाखेरि अर्को एउटा के बक्स नभईकन हेर्न सक्दैनौं । दूरदराजका गाउँहरूमा जहाँ केबल पुगेको छैन, उसले कसरी हेर्छ? जब कि हामी स्याटलाइटमा गइसकेपछि त सबै ठाउँमा त्यही Setup box का माध्यमबाट हेर्न पाउनुपर्ने तर त्यो नपाईकन हामीले प्रतिमहिना पैसा तिरेर मात्रै हेर्छौं । र त्यो हेर्दाखरि अरू विदेशी च्यानलहरू पनि आउने हुँदा अरू च्यानलमा पनि हाम्रा आँखा गा'का छन् । हामीले यदि नेपाल टेलिभिजन सित्तैमा आउथ्यो भने चार, पाँचओटा च्यानल यसले चलाउँछ । त्यो हेरेर नै हामी नेपालको सूचनाबाट हामी वाकित हुन्थ्यौं । यो अवसरबाट नेपाल टेलिभिजनले यसलाई

बदमासी गरिरहेको छ । मैले यहाँ सम्झिन चाहेको कुरा के हो भने प्रधानमन्त्री बस्नेसँगै प्रधानमन्त्री देखिरहेको कार्यालयमा यो बदमासी भइरहेको छ ।

त्यसै गरी एनटीभीले आईटी भेन्चरसित यसले सामाजिक सञ्जालमार्फत आफ्ना कार्यक्रमहरू प्रसारण गर्ने भनेर सम्झौता गर्यो । त्यो एनटीभी भेन्चरबाट, आईटी भेन्चरबाट प्रसारण गर्ने उसले जुन सम्झौता गर्यो, त्यो सम्झौता गर्दाखेरि त्यहाँबाट प्राप्त हुने आम्दानी चाहिँ पचासी पर्सेन्ट आईटी भेन्चरलाई पन्ध्र पर्सेन्ट चाहिँ नेपाल टेलिभिजनलाई दिने गरी सम्झौता गरियो । उत्पादन आफू गर्ने कार्यक्रम तर एउटा सामाजिक सञ्जाल सञ्चालन गर्न भनेर आईटी भेन्चरसँग सम्झौता गर्छ । पचासी पर्सेन्ट आम्दानी उसलाई दिन्छ र पन्ध्र पर्सेन्ट आफू राख्छ । अब यस्तो कुराहरू भइरहँदाखेरि पनि नेपाल सरकारको आफ्नो आँखा, आफ्नै नाकमुनि भएको चिजमा देख्न सक्दैन ।

त्यसै गरी यसको यस संस्थालाई चलाउनको लागि विभिन्न खालका उपकरणहरू खरिद गरिएको छ । जुन आउट डेटेड सामान पनि खरिद गरिएको छ भन्ने कुरा पनि सुन्नमा आउँछ र यसको बारेमा छानबिन गर्न पर्छ । र सुशासनका कुरा गरिरहँदाखेरि, भ्रष्टाचारको कुरा गरिरहँदाखेरि सार्वजनिक संस्थाहरूलाई बलियो, Strengthening बनाउनको लागि यी कुराहरूमा हाम्रो ध्यान जान पर्छ । यो विषयमा पनि ध्यान जाओस् । मैले स्याटलाइटको सम्झौता पोहोर, परार साल गरियो । त्यो स्याटलाइटसँग सम्झौता गर्दाखेरि सायद मलाई लाग्छ लेनदेनकै कुरा नमिलेर होला । गत साल भदौमा झण्डै डेढ घण्टा नेपाल टेलिभिजनको कुनै प्रसारण भएन । डेढ घण्टासम्म नेपाल टेलिभिजन विश्वभरी कहीँ पनि हेर्न सकिएन । डेढ घण्टापछाडि के के कुरा मिल्यो । सञ्चालन भयो । त्यसै गरी अहिले हामी स्याटेलाइटमा गइसकेका छौं । तर नेपाल टेलिभिजनले चाहिँ १९ ओटा अरू शाखा प्रसारण केन्द्रहरू बनाएर प्रसारण गरिरहेको छ । स्याटेलाइट छ भनेपछि केलाई चाहियो? त्यो नेपाल टेलिभिजन अहिले घाटामा छ । चारओटा कोठा लिएर सञ्चालन गर्ने टेलिभिजनहरू निजी टेलिभिजनहरू चाहिँ पैसा कमाइर'का छन् । हाम्रो त राज्यबाट संरक्षित भएको यो टेलिभिजन जब विज्ञापन पाउँछ, कार्यक्रम पाउँछ तर यो चाहिँ सधैं घाटामा जान्छ । भनेपछि यस्तो कुरामा हामी सिंहदरवारभित्रै यो खालको व्यथिति छ । यसलाई करेक्सन गर्नको लागि सरकारको ध्यान जाओस् भनेर म अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी गत साल अझअगाडि यसले भवन निर्माण, तीनओटा भवन निर्माण गर्ने ठेक्का गर्‍यो पर्वातमा, रुकुममा र डढेलधुरामा । पर्वतमा जमिन छ । घर बनेर सम्पन्न हुन लाग्यो । डढेलधुरा र रुकुममा जमिन नै छैन । डिजाइन estimate छैन । तर ठेक्का

खोलियो, ठेक्का लाग्यो । त्यो पहिलो मोविलाइजेसन पैसा पनि गयो । ठेकेदारले त्यो दुइटा डढेलधुरा र रुकुमको पैसा बगलीमा हालेर बस्या छ । जग्गा उपलब्ध गरा'को छैन । डिजाइन estimate छैन । त्यसो भएपछि अब हुन्छ के भन्दाखेरि ठेकेदारले त उसले त्यो के पैसा माग्छ नि ढिलो गर्दिएबापत, मोविलाइजेसन पैसा लिएर गइसक्यो । अब ढिलो भएबापत त्यो पैसा माग्छ । अर्को पैसा जान पर्छ । भनि सकेपछि हाम्रो आँखैअगाडि, हामी सबै ती बसिरा'का छौं । हाम्रा आँखैअगाडि यो गल्ती भइरहेको छ, यस्तो कुरामा ध्यान जाँदैन । अनि हामी आयोग बनाउँछौं, समिति बनाउँछौं, छानबिन गर्छौं भन्छौं, अध्ययन गर्छौं भन्छौं । त्यो अध्ययन चैं केका लागि बनाउने हो? देखिएकै कुरा छ । अध्ययनै गर्न पर्दैन । सिधैं त्यहाँको व्यवस्थापकलाई समातेर, बोलाएर यो के गर्या भन्यो भनि त कुरा खुलिहाल्छ ।

त्यसो भएकोले मैले यहाँ ठयाक्कै भन्न खोजेको कुरा के हो भन्दाखेरि सार्वजनिक संस्थानहरू आजभन्दा भोली, भोलीभन्दा पर्सी झन् झन् विघटन उन्मुख भइरहेका छन् । निजी संस्थानहरू कमाइर'का छन् । जब कि उँसित साधन स्रोत कम छ । उसलाई हेर्ने अभिभावक पनि कम छ । तर उँ कमाइर'छ । हामी गुमाइर'का छौं । मैले यस्तो गुमाउन र कमाउने बिचको अन्तर हाम्रोअगाडि आउन पर्छ । र मैले मूल रूपमा यो नेपाल टेलिभिजन केबलबाट मात्रै हेर्न पाउने नीतिको म विरोध गर्छु । केबलबाट हैन स्याटलाइट गइसक्यो । हामीले सेटअप बक्स राखेपछि नेपाल टेलिभिजनको सबै कार्यक्रम हेर्न पाउनुपर्छ । र नेपाल टेलिभिजनमा भएका यी सबै व्यथितिहरूलाई सरकारले समयमै सुधार्नको लागि दरो पहलगत लियोस् । आउँदा दिनमा नेपाल टेलिभिजन हाम्रो, हाम्रो सञ्चारको त्यो चिज हामीले सर्वसुलभ ढङ्गले विश्वसनीय ढङ्गले नेपाली जनताले हेर्न पाउन त्यो सुविधा उपलब्ध गराउन सकोस् । त्यो सुविधा उपलब्ध गराउनलाई सरकारको ध्यान जाओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कमला पन्त । समय ७ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

(१३:३९ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अस्ति म मेरो जिल्ला गोरखाको एउटा विद्यालयको व्यवस्थापन समिति र वार्षिक उत्सव कार्यक्रममा गा'को थिएँ । अध्यक्ष महोदय, म साह्रै संवेदनशील लागेर कुरा उठाउन खोजेको । त्यो विद्यालय म सुरु सुरुमा म जाँदाखेरि ०५१/०५२ सालतिर लगभग ६ सय विद्यार्थी हुने विद्यालय यति यस्तो विद्यालय त्यो विद्यालयका विद्यार्थीहरू अहिले डाक्टर छन्, इन्जिनियर

छन्, मुलुकको विशिष्ट प्रशासनको पनि विशिष्ट श्रेणीमा छन् । त्यस्तो विद्यालयमा अहिले ११५ जना विद्यार्थी छन् । २० जना टिचर छन् । ११५ जना मात्रै विद्यार्थी छन् । अनि त्यो बस्ती हेर्दाखेरि कुनै पनि घरमा युवाहरू छैन । दुइजना बुढाबुढी युवा भयो भने न बच्चा नयाँ नयाँ बच्चा आउँछन् । त्यसपछि विद्यालयमा बच्चा पढ्छन् । अनि विद्यालयमा बच्चाहरूको सङ्ख्या धेरै हुन्छ । कोही पनि छैन । बुढाबुढी मात्रै छन् र घरभित्र नै बाँदर जान्छ । यस्तो बस्ती उजाड मैले भन्न खोजेको एउटा कुरा चाहिँ राज्यले कति संवेदनशील भएर सोचेको छ? यो शिक्षालाई के गर्ने? समुदायिक विद्यालयहरूको अवस्था म जुन विद्यालयमा दुई, तीनटा विद्यालय हेरेँ मैले । एउटाः प्राथमिक विद्यालय हेरेँ । एउटा नि.मा.वि. हेरेँ, एउटा मा.वि । र जुन विद्यालयको कार्यक्रममा म गएँ, यस्तो विद्यालय थियो त्यो विद्यालय हराभरा एकदमै विद्यार्थीहरू, सशक्त विद्यार्थीहरू । त्यहाँ दलित, निमुखा, गरिब त्यस्ताका छोराछोरी मात्रै छन्, बाँकी । र अब हुने खाने मै हुँ भन्ने मान्छेहरू कोही सहर लागे, कोही विदेशतिर लागे । अब त्यो त्यतिबेला ०५२ सालपछिको एउटा परिस्थिति थियो, एउटा वातावरण थियो । उनीहरूले गाउँमा बस्न सक्ने परिस्थिति पनि थिएन । त्यसले गर्दा गए, आए । सहर पसे । बाँच्नको लागि पसे । तर अहिले गाउँ फर्किन कोही पनि सकेन । कोही गाउँ जान चाहँदैन । कोही गाउँ फर्किन इच्छुक छैन र गाउँहरूमा के सोच्नुपर्यो । अब राज्यले कसरी सोचेको छ? त्यो गाउँलाई के गर्ने, अब गाउँका बस्तीहरूलाई? त्यसपछि ती विद्यालयहरूलाई के गर्ने? विद्यालयहरूलाई अब त्यो विद्यालयमा नयाँ ढङ्गको के काम गर्ने? विद्यालय उद्योग खोल्ने कि? यस्ता विद्यालयहरू छन् । जाइकाले बनाइदेका भवनहरू होनाहार बिल्डिङहरू छन् । पहिला बिल्डिङ थिएन, बस्ने भौतिक पूर्वाधार थिएन, विद्यालय थिए, शिक्षक थिए । अहिले भौतिक पूर्वाधार छ, विद्यालय छैन ।

पहिला बस्तीहरूमा बत्ती थिएन, व्यक्तिहरू थिए । अहिले बत्ती छ, बत्ती बाल्ने मान्छे छैन । अहिले एक धारा एक परिवार एक धारा भनेको छ । एक घर एक परिवार भनेको छ । घरघरै धारा छ तर त्यो धारामा धारा प्रयोग गर्ने मान्छे छैन । अब यो अवस्थामा भवनहरू छन्, बिल्डिङहरू छन्, राम्रा राम्रा भौतिक पूर्वाधार छन्, विद्यार्थी छैन । अब यसलाई अत्यन्त संवेदनशील भएर अझै बजेट आउन बाँकी छ । हामीले बजेटको बारेमा बोल्दा पनि माननीयहरूले धेरै माननीयज्यूहरूले उठाउनुभा'को छ । यो गम्भीर कुरालाई चैं संवेदनशील भएर सोचोस् भन्ने मलाई लाग्छ ।

अर्को कुरा चैं अध्यक्ष महोदय, हामी संसदीय व्यवस्थामा छौं । गणतन्त्र आ'को पनि आज ०६४ साल जेठ १५ गतेबाट कति वर्ष भैसक्यो । यो गणतन्त्र आएर हामीले के गर्यौं?

सोच्ने कि नसोच्ने? छलफल गर्ने कि नगर्ने? हामी चाहिँ संसदीय व्यवस्थालाई हाम्रो मार्गदर्शकको रूपमा मानेका छौं । जनप्रतिनिधिहरूले निर्माण गरेको सरकारले शासन गरेको छ । जनप्रतिनिधिहरूले, शासकहरूले अब अहिले आएर पोलिसीमा र अब हामीले बोल्न नसक्ने अवस्थामा शासकहरू बसेको हामीले अहिले पा'का छौं । कसरी सुशासन ल्याउन सकिन्छ? सुशासन नभईकन व्यवस्था चल्छ? सुशासन ल्याउनको निम्ति के के चाहिन्छ? ती कुराहरूको बारेमा संवेदनशील हुन जरुरी परिसक्यो । अत्यन्त हतार भइसक्यो र हामी सांसदलाई चैं प्रतिस्पर्धा गर्ने थलो बनाका छौं । अब एक वर्ष बाँकी हुँदा आफ्नो पार्टीले कसरी मत धेरै पाउँछ भनेर बोल्नुस् न । मेरो निवेदन छ माननीयज्यूहरूलाई पनि । कसरी मेरो पार्टीले भोट धेरै पाउँछ भनेर एक वर्षअगाडि, अहिले त मेरो जनताले कसरी सुख पाउँछ भनेर सोच्नुपर्यो नि । अब फेरि मर्यादित भाषा पनि छैन, संसदमा । म एउटा राष्ट्रिय सभाको सदस्य हो । मलाई त्यति छुट छ कि छैन? अध्यक्ष महोदय, तर मर्यादित पनि हुनुपर्यो । संसदीय व्यवस्था एउटा मर्यादित व्यवस्था हो । आफैमा सेल्फ डिसिप्लिन हुनुपर्यो । आफैमा अनुशासन हुनुपर्यो । व्यक्ति अनुशासित हुनुपर्यो । कति व्यक्ति अनुशासित छ? मेरो कर्म के हो? हामीले त मलाई अलिक धेरै हुन्छ कि अध्यक्ष महोदय, मैले बोलेकोमा । धेरै भए क्षमा गर्नुहोला । हामीले त कसम खा'का छौं नि, सपथ ग्रहण गरेका छौं, जनताका नाममा । म जनताको प्रतिनिधि भ'को कारणले गर्दा जनतालाई अहित हुने काम कुनै पनि गर्ने छैन भनेका छौं । हामीले के के अहित हुने काम गर्यौं त? आत्म निरीक्षण गर्न सकिनुपर्यो अब । आत्म निरीक्षण नगर्ने तथानाम छाडा बोल्यो भने मात्रै त्यसलाई मिडियाले कभर गर्छ । मिडियामा आउँछ । त्यसपछि मात्रै आफूले चाहिँ केही नसोच्ने? आत्म निरीक्षण कसैले पनि नगर्ने? त्यसले गर्दा आफैंले म म भन्नुपर्यो सबैले । जो जनताका जनप्रतिनिधि छन् र संसद भनेको एउटा अनुशासन सिकाउने थलो पनि हो । र संसदले मर्यादित भाषा बोल्यो भने जनतालाई पनि रिफ्लेक्सन हुन्छ । मिडियाले पनि त्यसैलाई कभर गर्छ । अनि मिडिया पनि अनुशासित हुन्छ ।

सबै पक्ष हामी सुशासन पनि अध्यक्ष महोदय, म एउटा मात्रै कुरा भनेर मेरो कुरा टुङ्ग्याउँछु । यहाँहरू सबैलाई थाहा छ । अब्राहम लिङ्कन राष्ट्रपति हुँदाखेरि यसरी नै सभामा बसेको बेला एउटा वृहत् सभामा लिङ्कन गएर कुर्सी बसिसकेपछि तलबाट फ्लोरबाट के आयो रे आवाज यो सार्कीको छोरो, सार्कीको छोरो, यसको बाउ त जुत्ता बनाउँछ रे, यसको बाउ त जुत्ता बनाउँछ रे भनेर आयो रे । त्यसपछि लिङ्कनले आफूले बोल्ने बेलामा के भने म सार्कीको छोरो हुँ । मलाई गर्व छ म सार्कीको छोरो भएकोमा । किन गर्व छ भने संसारमा सबैले भन्दा राम्रो जुत्ता बनाउनुहुन्छ मेरो पिताजीले, मेरो बुवाले त्यसले गर्दा मलाई गर्व छ । संसारका मान्छेले

मेरो पिताजीले बनाको जुत्ताको माग गर्छन् । त्यसैले मलाई गर्व छ । त्यस्तै शासक म हुन् पाएँ मेरो बाउले जुत्ता बनाकैजस्तो मैले राम्रो काम गर्न पाएँ भने मलाई गर्व हुन्थ्यो भनेर अब्राहम लिङ्कनले एकचोटि एउटा सभामा भन्नुभा' थियो रे । त्यसैले हामीले हामीलाई मर्यादित बनाउन सिकौं र यो मुलुकमा सुशासन ल्याएर नेपाली जनताको दुःख मेटौं । म यही निवेदन गर्दै मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय उदय बहादुर बोहरा । समय ६ मिनेट । त्यसपछि माननीय बामदेव गौतम ।

(१३:४७ बजे) **<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले आज राष्ट्रिय रूपमा मात्रै हैन, अन्तर्राष्ट्रिय रूपमा सम्म यो मुलुकमा भ्रष्टाचारको जुन समाचारहरू आइरहेका छन्, विश्व मिडियाले यसलाई हाइलाइट गरिरहेको छ । त्यसो भ'को हुनाले मेरो विषयवस्तु यही सेरोफेरोमा रहेर म आज मेरा भनाइहरू राख्ने अनुमति चाहन्छु ।

भ्रष्टाचार समाजको रोग हो । सरकारी संयन्त्रको धमिरा हो । नैतिकवान र सभ्य समाजको लागि प्रदूषण हो र देश र मुलुकको लागि एउटा सङ्क्रामक रोग हो । र नेपालमा जुन भ्रष्टाचार र जुन अनियमितताको चुनौती छ, यो सबै खाले भ्रष्टाचारहरूलाई राजनीतिक संरक्षण छ । कर्मचारीतन्त्रको संलग्नताले मात्रै यस्ता ठुला ठुला भ्रष्टाचारहरू हुने सम्भावना रहँदैन । पहिलो चिज जुन राजनीतिक संरक्षण छ, यो राजनीतिक संरक्षणलाई कसरी निमिट्यान्न गराउने हामीले यो कुरा सोच्नुपर्छ बेलैमा । मेरो निवेदन यो छ ।

दोस्रोः एम्नोष्टिक इन्टरनेस्नलले १७ देशको अध्ययनअनुसार नेपाल एक नम्बरको भ्रष्टाचारमा अर्थात् नेपालले भ्रष्टाचारमा एक नम्बरको गोल्ड मेडल उसको रिपोर्टमा प्राप्त गरेको छ । र ५८ प्रतिशतले भ्रष्टाचार बढेको उसको रिपोर्टमा छ । त्यस्तै नेस्नल इन्टिग्रेटको अध्ययन प्रतिवेदनका अनुसार नेपालमा भ्रष्टाचार संस्थागत रूपमा निजी क्षेत्रमा भ्रष्टाचार छ, गैर स.स. मा भ्रष्टाचार छ र गर्दा गर्दा धार्मिक क्षेत्रहरूमा पनि यो भ्रष्टाचारको जालो व्यापक रूपले त्यहाँ पुगेको छ । त्यसो भ'को हुनाले यो के कारणले भन्दा अख्तियारलगायत मुलुकमा विद्यमान न्यायिक क्षेत्रहरू नेता विशेषप्रतिको भक्ति भाव, नोकरशाही चिन्तन र अमुक नेता वा संस्था वा व्यक्तिप्रतिको प्रतिसोधात्मक भावना न्यायिक क्षेत्रमा बस्नेहरू र निष्ठा र नैतिकताको खडेरी भ्रष्टाचार मौलाउनुको एउटा कारण यो पनि हो । किनभने नेपालमा जसरी भ्रष्टाचार नियन्त्रण गर्ने

निकायहरू छन्, यो निकायको नियुक्तिमै खोट छ । राजनीतिक पहुँचको आधारमा उनीहरूलाई त्यहाँ पुगाइन्छ । आफ्नो तागेदारी गर्न त्यहाँ पुगाइन्छ । त्यसो भ'को हुनाले यो समस्या चाहिँ जटिल समस्या हो र जटिल समस्या छ । यसमा पुनर्विचार गर्न पुनर्हेरफेर गर्न यसलाई गम्भीरतापूर्वक सोच्न जरुरी छ ।

सम्माननीय अध्यक्षज्यू र दण्डहीनताले व्यापकता नेपालमा पाइसक्या छ र अहिले नेपाल सरकारले भ्रष्टाचार यो भुटानी शरणार्थीलाई अमेरिका पठाउने जुन काण्ड छ, यसमा केही मान्छेहरूलाई, केही मानिसहरूलाई समातेर छानबिन गरिरहेको छ । अहिले वहाँहरूलाई हामी भ्रष्टाचारी नै भन्न त सक्दैनौं र प्रहरीको हिरासतमा जब प्रहरीले वहाँहरूलाई छोपेर लग्छ, त्यतिखेर समगरमाथा चुम्याजस्तै आकासको तारा छोपेर धर्तीमा ल्याएजस्तै गरेर हात हल्लाएर वहाँहरू जानुहुन्छ । लाज छैन । त्यो नैतिक नभा'को कुरा हो के । नैतिकवान मान्छेले भ्रष्टाचारले छोयो भने मात्रै पनि उसको मोडेल डाउन हुन्छ, डोमिनेट हुन्छ । त्यसो भ'को हुनाले म के निवेदन गर्न चाहन्छु भने यी सबै चिजहरूलाई, यो भ्रष्टाचार जुन अहिले छानबिन भैरहेको छ, सरकारलाई हामी सबैले सहयोग गर्नुपर्छ । यो वा त्यो बाहना बखेडा झिकेर त्यो भ्रष्टाचारको विषयवस्तुलाई एकातिर तोडमोड गरेर जाने खालको विषयवस्तुको उठान गरिनुहुँदैन र सबै खालका भ्रष्टाचारहरू हामी पहिलेदेखिका अहिलेसम्मका भ्रष्टाचारहरूलाई हामीले एक एक गरेर छानबिन गरौं । यही कुरा म यहाँहरूसँग निवेदन गर्दै म बिदा हुन्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय बामदेव गौतम । समय ५ मिनेट । त्यसपछि माननीय भगवती न्यौपाने ।

**(१३:५३ बजे) <u>माननीय श्री बामदेव गौतम (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट र सम्माननीय अध्यक्षको माध्यमबाट १७ गतेदेखि भारत भ्रमणमा जान लाग्नुभएका नेपालका सम्माननीय प्रधानमन्त्रीज्यूलाई मैले केही सुझाव दिनको निम्ति यहाँ उपस्थित भ'को छु ।

अध्यक्ष महोदय, हामी एकातिर अजिङ्गर छ, एकातिर सिंह छ । बिचमा छौं । थोरै मात्र गल्ती गर्नाले अजिङ्गरतिर गए पनि निल्दिन्छ, सिंहतिर गए पनि खाइदिन्छ । त्यसो भएर मैले ज्याँदै सतर्कतापूर्वक उहाँ रहन पर्छ र सतर्कतापूर्वक वार्ता गर्न पर्छ । र आफुलाई कमजोर ठान्न हुँदैन । किनभने हामी अजिङ्गर पनि हैनौं, सिंह पनि होइनौं अहिले । तर हामीले मनमा राख्न पर्छ, ती दुइटा कुनै बेला उपनिवेस र अर्धउपनिवेसमा गएका थिएँ । तर हामी कहिले पनि

उपनिवेस नभएका देशका हौं र हाम्रो इतिहास साक्षी छ । हामी सत्यलाई सत्य भन्दै आएका छौं । गलतलाई गलत भन्दै आएका छौं । यसो भएर डराउनुपर्दैन, हिच्किचाउनुपर्दैन र सिर ठाडो गरेर, छाती खुल्ला गरेर सम्झौतामा बस्न पर्छ । छलफलमा बस्न पर्छ ।

इफिजीलाई लागु गर्न र काला पानी क्षेत्रबाट अतिक्रमण गरेर बसेका भारतिय सुरक्षा फौजहरू हटाउन प्राथमिकतामा अलि प्रयत्न गर्न पर्छ । नेपाली जनतालाई सुनाउनको निम्ति पनि उहाँले यो प्रयत्न गर्न पर्छ । र आफुलाई साँच्चिकै एउटा देशभक्त नागरिक हो भन्ने सावित गर्नको निम्ति पनि यो विषय उठाउनुपर्छ । र मेरो शुभकामना छ । यो विषयलाई उहाँले लागु गर्ने गरी आउनुहुने छ ।

लिम्पियाधुरा त्रिदेशीय सीमा विन्दु हो । जबसम्म लिपियाधुरा त्रिदेशीय सीमा विन्दु हो भनेर भारतले, चिनले र नेपालले, नेपालले भनिरहेको छ । त्यहीँबाट नेपालको सीमा सुरु हुन्छ । त्यो सावित नहुँदासम्म पञ्चेश्वर परियोजना ल्याउनको निम्ति भिख माग्ने काम नगर्नुहोस् । किनकि त्यसलाई हामीले मान्दाखेरि, त्यसलाई लागु गर्दाखेरि हामीले लिपियाधुरा भारतको हो भनेर भन्नुपर्ने स्थिति आउँछ । त्यस भएर त्यो मुख्य विषय हो । पञ्चेश्वर मैले लिएरै आउँछु । खुसीसाथ खुसी गराउँछु नेपाली जनतालाई । एउटा न एउटा ठुलो प्रोजेक्ट ल्याउँछु भनेर भन्नुभ'को छ । र पञ्चेश्वरमा जानै हुँदैन, लिनै हुँदैन । यो सबभन्दा महत्त्वपूर्ण विषय ।

अन्त्यमा, एकजना व्यावसायीले मसित आज बिहान मात्रै भने, हामीले लगानी गऱ्यौं । मध्यमस्तरका व्यापारी हौं हामी । तर पहिलो स्तरका व्यापारीहरूका कारण आज नेपालका कुनै पनि बैङ्कमा लगानी गर्नको निम्ति पैसा छैन । किन त्यस्तो हुन्छ? भनेर मैले सोधें । त्यो सबै उनीहरूले लाखको जमानी राखेर धितो राखेर अरब लगेका छन् । र त्यसलाई स्वदेशमा मात्रै होइन, विदेशमा चाहिँ पुऱ्याएका छन् । त्यसकारण अब त्यो छानबिन गर्ने काम यो नक्कली भुटानी नागरिक बनाएर अमेरिका पठाउनेदेखि पछि त्यो क्षेत्रमा ठुला ठुला व्यापारीहरू घरानाहरू भनेर भन्नेहरू छन् । त्यो ठाउँमा नेपाल सरकारले हात हाल्नको निम्ति अख्तियारलाई निर्देशन गर्न पर्छ । त्यसो भयो भने सप्पै कुरा छर्लङ्ग हुने छ । त्यसो भएर त्यो ठाउँमा जानको निम्ति पनि मैले नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय भगवती न्यौपाने । समय १० मिनेट । त्यसपछि माननीय युवराज शर्मा ।

(१३:५८ बजे) **मानलीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सबैभन्दा पहिला मलाई एउटा विषय जसले धेरै दुःख लाग्यो, स्वास्थ्यकर्मीहरू । २०० भन्दा बढी संस्थाका स्वास्थ्यकर्मीहरू नर्स, अ.हे.व. लगायतका १५ सयभन्दा बढीले अहिलेसम्म पनि ७, ८ महिनादेखि तलब भत्ता पाइराखेका रहेनछन् । यो धेरै दुःख हो । काम गर्ने, काम लगाउने तर तलब नदिने । किन तलब पाइराखेका रहेनछन् भनेर भन्दा गाउँपालिकाले तलब दिन, स्थानीय तहले तलब दिन सकेको छैन । स्थानीय तहले किन दिन सकेन? भन्दा संघीय सरकारले पठाएकै छैन । त्यसैले गर्दा म राज्यको ध्यानाकर्षण होस् । स्वास्थ्यकर्मीहरूले तलब भत्ता नपाएको कुरा जो छ, उहाँहरूलाई तलबको व्यवस्था गरियोस् । तलब दिने व्यवस्था गरियोस् । म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

र म भन्न चाहन्छु नीति कार्यक्रम प्रस्तुत भइसकेको छ, पारित पनि भइसकेको छ दुइटै सदनबाट । बजेट भोलि पेस हुँदै छ । त्यसको पूर्वसन्ध्यामा हामी छौं । तर एउटा प्रश्नले जवाफ पाइरहेको छैन । त्यो के हो भने यहाँ धेरै लामो छलफल गरिन्छ, बहस गरिन्छ, सुझावहरू पनि दिने काम हुन्छ तर त्यसलाई समेटिन्छ कि समेटिँदैन? भन्दाखेरि समेटिँदैन । कमा र फुलिस्टप पनि चेन्ज हुँदैन । र भनिन्छ के भने यही हो परम्परा, यही हो विधि । परम्परा जो अभ्यासका क्रममा त्रुटिहरू भेटिए, कमजोरीहरू भेटिए भने त्यो परम्परालाई सच्याउन हुँदैन? त्यो परम्परालाई नसच्याउँदाखेरि संसारका देशहरू कहाँ छन्? आज हामी कहाँ पुग्छौं? त्यसैले प्रतिपक्षले होस् या अरू माननीयज्यूहरूले दिएका सुझावहरूलाई सम्बोधन गर्न हुँदैन? बजेट आउँदै छ, बजेट पनि फेरि त्यही हो । छलफल हुन्छ, कसले के बोल्यो भन्ने हुन्छ, रेकर्ड रहला । त्यति हो । त्यसैले म फेरि भन्न चाहन्छु यस्तो हुनुहुँदैन । यो परम्परा तोड्नुपर्छ । सुझावलाई, रचानात्मक सुझावलाई, उपयुक्त सुझावलाई समेट्नुपर्छ ।

र अर्को भन्न चाहन्छु वास्तवमा सरकारले अहिले संसदलाई बिजनेस दिने सन्दर्भमा ध्यान पुर्‍याइरहेको छैन । विधेयकहरू गत सेसन विधेयक नै पास नगरीकन सेसनको अन्त्य भयो । विधेयकहरू, धेरै महत्त्वपूर्ण विधेयकहरू छन् । तर ती विधेयकहरू सरकारले पेस गर्दै छैन, गर्दैन । हामीले बारम्बार भनेका छौं, प्राथमिकताको आधारमा क्यालेन्डर बनाएर विधेयकहरू सरकारले पेस गरोस् भनेर हामीले बारम्बार भनेका छौं । अहिले पनि नागरिकतासम्बन्धी कानुन, संघीय शिक्षा कानुन, नेपाल प्रहरी कानुनलगायतका संघीय निजामती कानुन, जनस्वास्थ्यसम्बन्धी कानुनलगायतको जो धेरै महत्त्वपूर्ण कानुनहरू निर्माण गर्नुपर्ने छ, त्यो विषयमा विधेयक ल्याउने बारेमा सरकारको कुनै चासो हुँदैन । त्यसैले म यसतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । नागरिकतासम्बन्धी विषयमा, विधेयकको विषयमा हामीले धेरै बहस गरिसक्यौं ।

नेपाल नेपालीका सन्तानहरू, नेपाल आमाबुवाका सन्तानहरू अनागरिक भएर बसे । उनीहरूका दिनानुदिनका कामहरूमा धेरै समस्या भयो । त्यसैले त्यो विधेयक छिटोभन्दा छिटो पास गर्नुपर्ने छ । तर यसो भनिरहँदाखेरि त्यो विधेयकको बारेमा हिजो पनि हामीले जे भनेका थियौं, आज पनि हाम्रो धारणा त्यही छ । त्यो विधेयकमा, नागरिकता विधेयक पास गर्दै गर्दाखेरि राष्ट्रघाती प्रावधानहरू कुनै पनि हालतमा किमार्थ त्यो विधेयकमा समेट्न हामी त्यो समेट्ने पक्षमा छैनौं र हामी त्यसको विरोधमा । यदि सरकारले त्यसलाई फेरि पनि समेट्छ भने त्यो कुनै पनि हालतमा मान्नेवाला छैनौं । तर नागरिकता विधेयक छिटोभन्दा छिटो पास गर्नुपर्ने छ ।

मैले सुन्दै छु, मन्त्रिपरिषद्को बैठकले विगतको संसदबाट पारित भयो, राष्ट्रपतिले प्रमाणीकरण गर्नुभएन, रोक्नुभो' । त्यही विधेयकलाई वर्तमान राष्ट्रपतिलाई प्रमाणीकरण गर्नका निम्ति मन्त्रिपरिषद्को बैठकले सिफारिस गरेको छ भन्ने जे कुरा सुनिएको छ, त्यो वास्तवमा बेठिक छ, असंवैधानिक छ । कुन चैं संविधानको कुन धारामा मन्त्रिपरिषद्को बैठकले विधेयक पास गर्ने सिफारिस गर्ने कुरा कुन धारामा उल्लेख छ? कहीं उल्लेख छैन । त्यसैले प्रमाणीकरण, राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्ने सम्बन्धमा ११३ धारा संविधानको ११३ धाराको उपधारा १ देखि ५ सम्म प्रमाणीकरण गर्ने विषय उल्लेख गरिएको छ । तर त्यहाँ उल्लेख छैन । ११४ मा संसद नचलेको बेला अध्यादेशबाट चैं पारित गराउन पर्ने सन्दर्भमा बल्ल ११४ धारामा उल्लेख गरिएको छ । त्यतिबेला मन्त्रिपरिषद्को बैठकले राष्ट्रपतिलाई सिफारिस गर्ने र राष्ट्रपतिले प्रमाणीकरण गर्ने, त्योबाहेक धारा १११ को १० मा उल्लेख छ । प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा छलफल भएका विधेयकहरू अर्को कार्यकालमा त्यो विधेयक स्वतः निष्क्रिय हुन्छ भन्ने प्रावधानलाई राखिएको छ । त्यसैले संविधानको मर्म संविधानलाई तोडेर भन्दा गठबन्धनले एकदम संविधानका कुरा गर्ने आफूलाई संविधानको पक्षपाती भन्ने, आफूलाई कानुनको पक्षपाती भन्ने, विधिको पक्षपाती भन्ने तर कानुनलाई, संविधानलाई तोड्ने जे काम गरिराखेको छ, गर्न लागिराखेको छ, हामी खबरदार भन्न चाहन्छौं । त्यसो नगरोस् ।

र म भन्न चाहन्छु अहिले भ्रष्टाचारका विषयमा पनि धेरै कुरा उठिराखेको छ । अहिले धेरै बहस भइरहेको छ । धेरै छलफल भइरहेको छ । भ्रष्टाचार सबैको साझा सवाल हो । भ्रष्टाचारीहरू सबैका साझा दुश्मन हुन् । त्यसैले भ्रष्टाचारको अन्त्य गर्ने विषय यो सबैको साझा सवाल हो भनेपछि वास्तवमा यसलाई, भ्रष्टाचारलाई अन्त्य गर्न सबैको दायित्व हुन्छ । सरकारले यो विषयमा गम्भीर ढङ्गले सबैसँग छलफल गर्ने, बहस गर्ने गरेको छ कि छैन? धेरै अगाडि कुरा उठ्यो, भ्रष्टाचारीहरूलाई कारबाही गर्ने सन्दर्भ, छानबिन गर्ने सन्दर्भमा एउटा उच्चस्तरीय न्यायिक

समिति बनाउने कुरा चैं धेरैपटक छलफलको विषय बन्यो । अहिले धेरै इस्युहरू उठिराखेको छ, धेरै वर्षअगाडिदेखिको । चाहे त्यो बालुवाटार जग्गा प्रकरणको विषय होस्, चाहे वाइड वडीको विषय होस्, चाहे क्यान्टोनमेन्टमा भएको घोटलाको विषय होस्, यी सबै विषयहरूमा छानबिन होस् । जनताले जे जे कुरा आशङ्का गरिरहेका छन्, जे विषयमा प्रश्नहरू उठिरहेका छन्, त्यही विषयमा छानबिन होस् । हामी त्यो चाहन्छौं । चाहे जोसुकै होस् भ्रष्टाचारी । उँ सजायको भागीदार हुनुपर्छ । त्यो धेरैपटक भनिएको छ । तर पनि छानबिन गर्ने सन्दर्भमा सरकार सबै फाइलहरू खोल्ने सन्दर्भमा किन उदासिन छ? फेरि पनि म ध्यानाकर्षण गराउन चाहन्छु । सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, यो विषयमा ।

र मैले सुनें, हामी सुन्यौं हामी सबैले, जब सत्तापक्ष आफू सरकारमा हुँदाखेरि सबै दायित्व उसको हो । छानबिन गर्ने दायित्व उसको हो । तर जहिले पनि सत्तापक्षले आक्रमण कसलाई गरिरहन्छ? हरेक विषयमा हमला कसलाई गर्छ? भन्दा प्रतिपक्षमाथि हमला गरिराख्छ । भ्रम सिर्जना गरिराख्छ । प्रतिपक्षको नेतालाई हमला गरिराख्छ । (म अनुरोध गर्न चाहन्छु मलाई थोरै समय, सम्माननीय अध्यक्षज्यू) । प्रतिपक्षको नेतामाथि, नेकपा एमालेमाथि यति धेरै हमला गरिन्छ र भ्रम सिर्जना गरिन्छ । हाम्रो अध्यक्षले प्रतिनिधि सभाको बैठकमा बोल्नुभो', भन्नुभो' म पनि प्रधानमन्त्री भएको मान्छे हो । मलाई पनि छानबिन गर्नुस् । मैले पनि भ्रष्टाचार गरेको रहेछु भने कारबाहीको भागीदार हुनुपर्छ । सबैको छानबिन गरौं, सबैको छानबिन गरौं उहाँले भन्नभो' । त्यसैले यो विषयमा फेरि पनि म भन्न चाहन्छु । वास्तवमा किन हमला हुन्छ? विगतको कुरा गर्ने हो भने, हिस्ट्रीको कुरा गर्ने हो भने गठबन्धनले वास्तवमा भन्ने हो भने यस्तो अपराध कर्म पनि तपाईंहरूले गर्नुभएको छ । गठबन्धनका नेताहरूले यस्तो अपराध कर्म गर्नुभएको छ । यो देशमा प्रतिपक्षलाई, नेकपा एमालेलाई सिद्ध्याउनुपर्छ, नेकपा एमालेको अध्यक्षलाई सिद्ध्याउनुपर्छ किनभने नेकपा एमालेको अध्यक्षसँग ज्ञानको भण्डार छ । नेकपा एमाले अध्यक्षसँग युवा जोस र जागर छ । एमालेको अध्यक्षसँग एउटा त्यस्तो खालको आँट र साहस ......(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय युवराज शर्मा । समय ८ मिनेट । त्यसपछि माननीय गोमा देवी तिमल्सिना ।

**(१४:०९ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म केही आफ्ना भनाइ लिखित रूपमा नै राख्न गइरहेको छु । नेपालको संविधानमा लेखिएको

गणतन्त्र संघीयता, धर्म निरपेक्षता यसलाई नरुचाउनेहरूले आफ्नै ढङ्गले आज सवाल खडा गर्दै छन् । यसमा स्वदेशी र विदेशी शक्ति दुवै देखिएका छन् । दुवै शक्तिको आआफ्नै स्वार्थ छन् । छिमेकी मित्र राष्ट्रमध्ये एकका प्रदेश मुख्यमन्त्रीज्यूले राजतन्त्रसहितको हिन्दु राष्ट्र नेपालको वकालत नै गर्नुभएको देखिन्छ । त्यस्तै पश्चिममा राष्ट्रमध्ये एउटा मित्र राष्ट्र नेपाललाई धार्मिक रूपमा असहिष्णु भनी व्याख्या गर्न भ्याएका छन् । जुन असत्य र निराधार पनि हो । यस्ता कुरादेखि हौसिएर संविधानिक राजतन्त्रको आडमा निरङ्कुश राजतन्त्रवादी र धर्म सापेक्षता हौसिएका देखिन्छ । अहिले नक्कली भुटानी शरणार्थी प्रकरणलाई आधार बनाई संविधान र व्यवस्थामाथि नै आक्रमण गर्न थालेका छन् । आश्चर्य त तब लाग्दछ जब एकजना नेकपा माओवादीका नेताज्यू हिन्दु राष्ट्र वा धर्म निरपेक्षता सम्बन्धमा जनमत सङ्ग्रह गराउने विचार प्रकट गर्न पुग्नुहुन्छ ।

आज सबैले एउटा कुराको हेक्का त राख्नु नै पर्ने देखिन्छ । कि प्रत्येक पाँच वर्षमा हुने आवधिक निर्वाचनको मत परिणामले संविधानप्रति समर्पित राजनीतिक दलले दुई तिहाइ मतभन्दा बढी नै प्राप्त गरेको देखाउँछ भने किन र केका लागि जनमत सङ्ग्रह? आआफ्नो विचारमा दरिलोसँग खुट्टा टेक्ने बेला हो यो । बरु अबदेखि संविधानवादी दलले यी परिवर्तन विरोधी राजनीतिक दलसँग चुनावी तालमेल कहिले नगर्ने अठोट गर्नुपर्दछ । यो सकिने हो कि सच्चिने? भन्ने सवाल आज खडा हुँदै छ । हामीले बुझ्ने कि बुझ पचाउने? यतातिर ध्यान दिऊँ । आज हामी कमजोर बन्दै गएकोले हेपिएका छौं । छिमेकी मित्र राष्ट्रको हिन्दुवादी पार्टी भाजपाले दुई तहाइ मत प्राप्त गर्दा पनि जनमतको कदर गरी आफ्नो संविधानमा हिन्दु राष्ट्र किन नलेख्न सकेको? वा साच्चै नै अमेरिकाको आधिकारिक धारणा नेपाल असहिष्णु देश हो भने उसलाई एकचोटि आफूतिर निहालेर हेर्न आग्रह गर्न किन सक्दैनौं? सरकारमा यस्तो कमजोरी किन?

सुशासन कायम गर्ने वर्तमान सरकारले आज अदम्य सहासका साथ सबै किसिमका भ्रष्टाचार ठगी र कर छलीलाई नियन्त्रण गर्न सक्नुपर्दछ । माफियातन्त्र, बिचौलिया र दलालको घेरा तोड्न सक्नुपर्दछ । महङ्गी नियन्त्रण गर्न सक्नुपर्छ । त्यस्तै संविधानअनुसार संघीयतापूर्ण रूपमा कार्यान्वयन गर्ने दिशामा बेरोकटोक अघि बढ्नुपर्दछ । यदि सरकार शतप्रतिशत संघीयता कार्यान्वयनको दिशामा अघि बढेन भने विचारमा केन्द्रीयता बोकेका नेतृत्वले संघीयता कार्यान्वयनमा रुचि देखाउन सकेनन् भन्ने आरोप लाग्न बेर छैन ।

त्यस्तै प्रदेश सरकारले पनि ऐन, नियम र कार्यविधिमा टेकेर हिंड्नुपर्ने देखिन्छ तर प्रदेश सरकारादेखि स्थानीय सरकारसम्म अधिकारको चाहाना त राख्छन् । संविधानअनुसार उनले त्यो प्राप्त पनि गर्नुपर्दछ तर राम्ररी हिंड्न भने सकिरहेका देखिँदैनन् । भ्रष्टाचार अनियमितता र बेरुजु

त्यता पनि बढेरै गएको देखिन्छ । अनुगमन र नियन्त्रण अनिवार्य छ । आज अस्थिरतावादीहरूलाई जवाफ दिन गणतन्त्र संघीयता र धर्म निरपेक्षतालाई पनि अपरिवर्तनीय बनाई अन्य केही सुधारका लागि सबै संविधानवादी दलहरू एकै ठाउँ उभिनुपर्ने देखिन्छ तर एकअर्कालाई हिलो छ्यापाछ्यापमै समय घर्किरहेको देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, कृषिको क्षेत्रमा साम्यवादी र समाजवादी दलले उठाउँदै आएको जसको जोत उसको पोत र वैज्ञानिक भूमि व्यवस्था र कृषि प्रणाली इत्यादि आज हराइसकेका छन् । अब त औसतमा एक बिघामा ४५ क्विन्टल धान र ४० क्विन्टल गहुँ यस्तै अन्य अन्य बालीको उत्पादन गर्न सक्ने लक्ष्य हासिल गर्न सके पनि ठुलो उपलब्धि ठान्ने छु । संसदको चालु बजेट अधिवेशनलाई बजेटमा नै सीमित राख्न सुझाव छ मेरो । आ.व. २०७८/०७९ को कटु अनुभव बोकेका छौं । सदनभित्र रहेको नागरिकलाई तमसा कहिलेसम्म देखाउने? यसले नागरिकको वितृष्णा बढ्दै जाने छ । एकै भएर जाने कुरामा विद्रोह देखाउने, जहाँ विरोध जनाउनुपर्ने त्यहाँ लपक्क मिल्ने प्रवृत्ति नेतृत्व वर्गमा देखिएको कुरा नागरिकले विस्तारै बुझ्दै छन् । त्यसैले जवाफदेही र पारदर्शी बन्नु आजको आवश्यकता हो । आज नेपाल ३ लाख बालबालिकामा autism का सिकार छन् । सरकारले प्रत्येक जिल्लामा एउटा उपचार केन्द्रको व्यवस्था गर्नु आवश्यक देखिन्छ । यसतर्फ सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु ।

आ.व. २०७९/०८० मा सरकारको आम्दानी र विकास खर्च गर्ने क्षमतामा व्यापक ह्रास आएको देखिन्छ । अब नेपालमा साधारण सुधारले पुग्दैन । गेम चेन्जिङ प्लान र प्रणाली आजको आवश्यकता हो । एकजना पूर्वमन्त्रीले नागरिकसँग अनावश्यक रूपमा हातपात गरेको समाचार प्रकाशित भएको छ । आजको परिस्थितिमा देखाइएको यस्तो तुजुकले अब जनतामा नेताको छबि धुमिल हुन जान्छ । यो साँचो हो भने यसको कुरामा सचेत हुन आवश्यक छ भन्दै सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणले उच्च र अभूतपूर्व सफलता प्राप्त गर्न सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोमा देवी तिमल्सिना । समय ६ मिनेट । त्यसपछि माननीय भुवन वहादुर सुनार ।

(१४:१६ बजे) **<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरू, आज धेरै माननीयज्यूहरूले अहिले

चलिराखेका समसामायिक कुराहरूमा जोड दिनुभएको छ । अब हामी सधैं के भन्ने गर्छौं बाहिर निस्किँदा भने, नेपालमा केही भएन, केही हुँदैन, छोरा छोरीलाई बाहिर नपठाए के गर्ने? केहि नि हुँदैन भनेर के छ नेपालमा? भनेर हामी पनि भन्ने गर्छौं । यो साँच्चै नै भन्ने हो भने गलत कुरा हो । हामीले यी नै कुराहरू अभिव्यक्ति गर्छौं । र अनि अरूलाई पनि यही भन्न सिकाइ राखेका त छैनौं? भन्ने मलाई लाग्छ । नेपालमा सबै कुरा छ । विदेशीहरू यसैलाई लोभिएर हाम्रो देशमा चुड्नलाई यता र यताबाट चुड्न खोजिरहेका छन् । हामीसँग सबै छ । हामी यसलाई जोगाउन र यसलाई सदुपयोग गर्नलाई खोजिराखेका छैनौं । मलाई त्यस्तो लागिराखेको छ ।

अब अहिले समसामायिक कुरा गरिरहँदाखेरि यहाँ अहिले भर्खरै एकजना माननीयज्यूले भनेर जानुभो' । अब एउटा नेतृत्वमा भएको मान्छे, हिजो मन्त्री भा'को मान्छेले हातपाइ गर्ने हामी नेताहरू सांसदहरूले पनि अरूसँग झैझगडा गर्ने हातपाइ गर्ने हो भने के अर्थ? हामी त नियम, कानुन बनाउन आएका मान्छे । हामीले त कानुन बनाउनुपर्‍यो, नियम बनाउनुपर्यो । अनि हामीले यो देशलाई कसरी समृद्धि बनाउने, सुशासन कसरी बनाउने भन्ने कुराहरूमा जोड दिनुपर्ने ठाउँमा हामी पनि अलिकति बरालिन्छौं कि? जस्तो लाग्छ । कहिले हामी केही पनि हुँदैन भन्छौं, कहिले केही हुन्छ भन्छौं । कहिले मान्छे बेच्न थाल्छौं । अब कहिले नागरिकलाई दिनुपर्ने नागरिकता दिन सकिरा'को छैनौं । अनि नागरिक पाएकालाई हामी बेच्न खोजिरहेका छौं, बेचिरहेका छौं । अनि त्यसपछाडि नेपालमा केही छैन, केही हुँदैन । सबै कुरा र'छ त? मान्छे बेचेपछि पैसा पनि ह्वार ह्वार आउँदो र'छ । अनि यी कुराहरूमलाई अलिकति तितै लाग्छ र यो गर्न हुँदैन भन्ने लाग्छ ।

अहिले म जिल्ला ग'को थिएँ । सबै मान्छेहरू यही अहिले बेचिएका मान्छेहरू भुटानी शरणार्थीको नाममा बेचिएका मान्छेहरूको कुरा गर्छन् । तिमीहरू त मान्छे बेच्न बसेका हैनौं माथि? अब हाम्रो भावनालाई ठेस पुग्ने कुरा हो नि यो । तिमीहरू मान्छे बेच्न बसेका, हामी मान्छे बेच्न बसेका हैनौं । मान्छे बेच्नेलाई चाहिँ कारबाही गराउन बसेका हौं । जो जो मान्छेहरूको नाम मुछिएको छ, नाम आ'को छ, त्यसलाई चाहिँ कानुनी कठघरामा ल्याउनुपर्छ । छानबिन गर्नुपर्छ । कसैले नाम मुछ्यो भन्नेबित्तिकै त्यसलाई छानबिनमा जानै नहुने, छानबिनमा जाँदाखेरि चाहिँ अपराध ठहरिने, त्यो होइन । उसले गल्ती गर्या छैन भने उसले सफाइ पाउन सक्छ । ऊ महान व्यक्तित्व हुन सक्छ । अनि यहाँ चाहिँ मान्छेले एकदम ठुलै काम गरेर यसरी हात हल्लाउँदै हिँड्ने जो मान्छे अपराध गरिराखेको छ, उसको छोरा चाहिँ समातिएर हतकडी लाइराखेको छ । अनि उसलाई चाहिँ अनि कति दिनपछि कहाँबाट लुकाएर

कसरी आयो? अनि ठुलो स्वरमा यसो यसो गर्दै हिंडने । यो लाजमर्दो कुरा । यो नेपाललाई नै लाजमर्दो कुरा बनाएका छन् ।

यसले यो अख्तियारको कुरा पनि अघि माननीयज्यूले उठाउनुभो' । अख्तियारमा पनि सही मान्छे ल्याउनुपर्‍यो नि । अनि अख्तियारको पनि नाम आइरा' छ, आयुक्तको । यस्ता मान्छेहरूलाई छानबिन गर्ने कि नगर्ने? किन सरकारले खुट्टा कमाइराखेको छ? साँच्चै नै सरकारले खुट्टा कमाएको हो कि? अब यो काम हुँदैछ कि? कहिँबाट गर्न पाउँदैनस् भन्ने कुरा भा'को छ । अब यो हामीलाई जानकारी छैन । आयुक्तलाई पनि छानबिन गर्नुपर्छ । जो जो नेताहरूको नाम मुछिएको छ । सबै दलहरूका नेताहरूको हिजो मन्त्री, प्रधानमन्त्री भएका नेताहरू, सांसद भ'का नेताहरूको नाम मुछिन्छ भने जुन दललाई पनि ल्याएर छानबिन गर्नुपर्छ । छानबिन गर्दाखेरि छानबिन नै अपराध हैन । उसले सफाइ पाउन सक्छ । सफाइ पायो भने त उँ त महान व्यक्तित्व भइहाल्यो नि । अब घटनै घटना, काण्डै काण्ड छ । अनि हामी यहाँ पनि बेला बेला जुहारी खेल्छौं । हामी यो जुहारी खेल्ने होइन । गठबन्धन र सत्ता पक्ष, प्रतिपक्ष जे भने पनि हामी यो राष्ट्र जोगाउनको लागि हामी एकमुख भएर हामी अगाडि जानुपर्छ ।

यो अहिलेको भ्रष्टाचारको जुन जालो छ । यो भुटानी शरणार्थीको मात्रै होइन । अरू पनि विभिन्न भ्रष्टाचारहरूको कुरा छन् । यो भ्रष्टाचारको कुराहरू गरिरहँदाखेरि म के भन्छु भने पहिला यो भुटानी शरणार्थीको कुरा टुङ्गो लगाएपछि अनि फेरि को कसको फाइल रेगुलर कसरी मिलाएर खोल्ने हो । त्यसपछि खोल्नुपर्छ । यसलाई गोलमोटल गरेर छानबिन गर्नलाई गोलमोटल गरियो भने एउटा पनि किटान किनारा लाग्न सँक्दैन । त्यसो भ'को हुनाले मलाई लाग्छ यो भुटानी शरणार्थी काण्ड, मान्छे बेच्ने काण्ड, टाउको गनी गनी मान्छे बेच्ने पैसा ल्याएर पकेटमा राख्ने । अझ कता राख्या छन्? अब यो कुरालाई चाहिँ साँच्चै नै बहिष्कार पनि गर्नुपर्छ । यी मान्छेहरूलाई नमस्कार गर्ने हैन, बहिष्कार हो । किनभने मान्छे बेच्ने ठाउँमा योजना बनाउने अनि त्यसपछाडि हामी नमस्ते हजुर भन्दै जाने । यो गलत कुरा हो । हामी, हामी सबैलाई सम्मान गर्छौं । गलत कुरालाई, गलत कुरालाई हामी विरोध गर्छौं । सही कुरा गर्नेलाई सानोलाई हामीले पनि सम्मान गरौं । नमस्ते गरौं । आधार गरौं । जो ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भुवन वहादुर सुनार । समय ७ मिनेट । त्यसपछि माननीय तुलसा कुमारी दाहाल ।

(१४:२३ बजे) **मानननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, भोलि गणतन्त्र दिवस पन्धौं गणतन्त्र दिवसको उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ दिदीबहिनीलगायत नेपालीहरूमा शुभकामना व्यक्त गर्दै नेपालमा गणतन्त्र स्थापना गर्न त्याग, तपस्या र ठुलो बलिदान दिनुहुने सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै म पनि थोरै विषयहरू प्रस्तुत गर्न लाइरहेको छु । हुनत यो भ्रष्टाचारका विषयहरू अहिले जल्दोबल्दो छ । हुनत नेपालमा भ्रष्टाचारै भ्रष्टाचारले चाहिँ गाँजिएको देश बनिरहेको बेला पाइला पाइलामा भ्रष्टाचार छ । भ्रष्टाचार कहाँ छैन र? भन्ने अवस्था छ र पनि अहिले त्यतिमाथि यो देशको देश सञ्चालन गर्ने देशका ठुला ठुला व्यक्तित्वहरू नै भ्रष्टाचारमा मुछिँदा यहाँ को बाँकी र'छ र? भन्ने प्रश्न खडा भ'को छ । र यी विषयमा बढी कुरा किन राख्न पर्यो र थुप्रै विषय उठिराखेका छन् ।

बरु यहाँ ठुलो सङ्ख्यामा रहेको विपन्न, गरिब, दलित समुदायहरूकै विषयवस्तु चाहिँ उठाउँदा राम्रो हुन्छ भन्ने लागेको छ मलाई । फेरि मैले यो पारित सङ्कल्प प्रस्ताव र सरकारको यो आर्थिक वर्ष ०८०/०८१ लाई मध्यनजर राख्दै थोथोरै विषयवस्तुलाई अगाडि बढाउन लागिरहेको छु । यो देशमा गरिब, उत्पीडित, दलित समुदायहरूको हक हितको उन्नति र प्रगतिको लागि धेरै विषयवस्तु उठ्या छन् । धेरैको मुखमा चाहिँ हो यो समुदायलाई हेर्न पर्छ, गर्न पर्छ भन्ने विषय छ । तर राज्यले बनाउने फेरि नीति, नियममा चाहिँ पूरै बिर्सिने गरिएको छ । र हामी जब चुनाव आउँछ, त्यतिखेर चाहिँ तल तल जनतामा जाने गरिब र दलितलाई पनि उत्तेजित बनाउने, फेरि तिनैका भोटले सत्तामा आउने शक्तिमा आउने र त्यही समुदायलाई बिर्सिने, यो साह्रै दुःख लाग्दो विषय बनिरहको छ । एकथरी जनताहरूको गाँस, बास, कपासको लागि रातदिन लागेका छन्, खटिएका छन् । समाजमा असाध्यै उपेक्षित भ'का छन् । यो विषयमा राज्यको ध्यान जाओस् । राज्यले बनाउनुपर्ने नीति निर्माणहरू अब जनताको पक्षमा बनोस्, गरिबका पक्षमा बनोस् र पहुँचवालका पक्षमा होइन । पहुँचवाल त त्यसै नै पहुँचवाल छँदै छ नि । त्यसले गर्दा भन्ने शिक्षा, स्वास्थ्य, रोजगारजस्ता निकायमा राज्यले गम्भीर हुँदै ती विपन्न समुदायप्रति फर्किएर कसरी शिक्षा दिने? कसरी स्वास्थ्य दिने? र कसरी रोजगार गराउने? भन्ने विषयमा हामी सबैको ध्यान जान पर्ने थियो । तर एकथरीहरू पढ्न नपाएर स्कुल छोडिरहेको अवस्था फिस तिर्न नसकेर परीक्षा फिस तिर्न नसकेर । मान्छेले आत्महत्या गरिर'को अवस्था यो दर्दनाक विषयवस्तुहरू हामी चाहिँ सधैं सञ्चार माध्यमबाट जानकारी लिन पर्ने भइर'को छ ।

र आज यो जातीय उत्पीडन एउटा थोरै समय पुग्छ कि पुग्दैन मलाई भन्न मन ला'को छ । यो मार्मिक विषय, हुनत अहिले सबैतिरबाट उठिरहेको रुकुमको सोती घटना, काभ्रेको ..... घटना त छँदै छन् । अझ थप यहाँ दिनदिनै चाहिँ घटनाहरू घटिरहे । केही समयअगाडि कास्कीको भरतपोखरी नजिकतिर दुइजना अन्तरजातीय विवाह गरेछन् । त्यहाँ असुरक्षा महसुस गरेर भारतमा आफ्नो मान्छेकहाँ गएर बसेछन् र फेरि तिनलाई खोजी गर्दै नेपाल लेराइएछ र तिमीहरूलाई नेपालमा लगेर हामी टीका लगाएर तिमीहरूलाई दिन्छौं भन्ने बाहना बनाएर लेराइएछ र नेपालमा ल्याइसकेपछि ल यो चाहिँ बेच्न लग्यो । यसरी मेरी छोरी बेच्न लग्यो । अथवा मलाई बेच्न लग्यो भनेर फर्जी मुद्दा लगाएर केटोलाई जेल र केटीलाई वेपत्ता बनाएको घटना मैले सुनेको थिएँ ।

फेरि भर्खर चाहिँ बाग्लुङको एकजना भाइ जो २३ वर्षीय चैं प्रभात बस्याल भनेर म्याग्दीको एकजना घिमिरे नानीको बिचमा सम्बन्ध लामो समयसम्म सम्बन्ध रहेको र पछि उनीहरूले केटीले दबाब दिन्, मलाई विवाह गर्दिन सक्छन् । त्यसले गर्दा चाँडै विवाह गर भनेर चाहिँ विवाह गरेर उनीहरू सुरक्षित हुनलाई चैं प्रभासतिर गएर बस्या र' छन्

(१४:२८ बजे) <u>पुनःपीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

<u>**माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- र उनीहरूलाई फेरि फुलाइफकाइ लेराएर अहिले केटालाई फेरि कति चाहिँ षड्यन्त्र भने त्यही केटीलाई नै मुद्दा हाल्न लाइदिने । केटीलाई खोसेर लग्यो । खोसेर लगेर केटीका नाममा मुद्दा हाल्दिएर केटालाई प्रहरी हिरासतमा राख्ने र केटीलाई फेरि लुकाउने । यस्तो घटनाले चाहिँ अहिले म्याग्दी अथवा गण्डकी प्रदेशमा चाहिँ धेरै हल्लाखल्ला भैरहेको, जुलुसहरू भ'को, धर्नाहरू भ'को घटनाहरू सायद तपाईंहरूले पनि मिडियामा सुन्नुभ'को छ होला ।

र यस्तो किन भइराखेको छ? हामी सबै समान भएर, हामी सबै एक नेपाली भएर हामीले हाम्रो देश कसरी विकास गर्ने भनेर सोच्न पर्ने बेलामा, हाम्रो देश कसरी बनाउने भनेर सोच्न पर्ने बेलामा यो पछौटे समाज सोच अनि फेरि चाहिँ झैझगडा यो तनाव सिर्जना भैर'को छ । यसप्रति पनि गृहमन्त्रीले सशक्त रूपले ध्यान दिएर त्यहाँ कारबाही गराउनु आवश्यक छ । यो कुरा राख्दै फेरि चाहिँ यो सङ्कल्प प्रस्तावपट्टि अर्थमन्त्रीज्यू गम्भीर भई बजेटिङ भएन भने फेरि निरासा पैदा हुने छ । यसले राम्रो सन्देश दिने छैन भन्दै बजेटको व्यवस्था गर्न माग गर्दै मेरो छोटो भनाइ यहीं अन्त्य गर्छु । हस् त, पुनः धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल । समय ७ मिनेट । यसपछि माननीय गंगा कुमारी वेलबासे ।

(१४:३० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, खुसीको कुरा हो । सायद यो १३ पटक भयो होला । मन्त्रिपरिषद् विस्तार हुने । मन्त्री बन्ने र बनाउने क्रम जारी छ । म शुभकामना व्यक्त गर्न चाहन्छु । र फेरि पनि १४ पटक हुन्छ भने पनि उहाँहरूलाई पनि शुभकामना छ ।

सम्माननीय अध्यक्ष महोदय, नीति कार्यक्रम नेपाल सरकारले प्रस्तुत गरिसकेको छ, पास गरी सकेको छ । र यो सन्दर्भमा आउन नसकेका केही कुराहरू नेपालको संस्कृति परम्परा र गर्भवती तथा सुत्केरी महिलाको अवस्थाको बारेमा केही आफ्नो भनाइहरू राख्न चाहन्छु । हाम्रो देशमा जातीय क्षेत्रीय रूपमा अलग र भिन्न प्रकारका सामाजिक मूल्यमान्यताहरू छन् । परम्परागत केही चलन र चल्तीहरू छन् । हानिकारक केही प्रचलनहरू पनि छन् । जसले गर्दा सुत्केरी महिला, गर्भवती र सुत्केरी महिलाको जीवन जोखिममा पर्दै आएको छ । गर्भवती अवस्थामा पोषणको, आरामको आवश्यकता हुन्छ महिलाहरूलाई । सुत्केरी अवस्थामा शारीरिक अवस्था कमजोर हुन्छ । आराम र पोसिलो खाने कुराको आवश्यकता पर्दछ । त्यतिबेला नै हाम्रो सांस्कृतिक परम्परा, प्रचलित मूल्यमान्यताको नाममा महिलाहरूलाई मुख बार्न लाउने, जुठो बार्न लाउने, देवी देवता रिसाउँछन् यो खानेकुरा खान हुन्न भनेर भन्ने, कसैले पनि छुन हुन्न भनेर एकलै राख्ने, भुइँमा सुत्न लगाउने, माछामासु, सागसब्जी, नुन, दुध, दही खान हुँदैन भन्ने प्रचलन र मान्यता नेपाली समाजमा पाइन्छ । आमाले पौष्टिक खान नपाउँदा आमाको आमाको स्वास्थ्य मात्रै बिग्रिएको छैन, बच्चाको पनि स्वास्थ्य बिग्रिन्छ, कुपोषित हुन्छ र बिरामी हुने सम्भावना हुन्छ । नेपाल सरकारले गर्भवती र सुत्केरी महिला नवजात शिशुको लागि केही कार्यक्रम त अगाडि सारेको छ तर त्यो पर्याप्त छैन । आमा स्वस्थ्य भएदेखि मात्र बच्चा स्वस्थ जन्मिन्छ । यसर्थ, गर्भवती र सुत्केरी महिलाको स्वास्थ्य उपचार पोषणका लागि सरकारले प्याकेजमा पोषण र उपचारको व्यवस्थाको लागि प्याकेजमा ल्याउनुपर्छ । वर्थिङ्ग सेन्टर प्राविधिक डाक्टरसहितको अस्पतालको व्यवस्था गरिनुपर्दछ ।

विपन्न, गरिब, गर्भवती, सुत्केरी महिलाको पहिचान गरी पोष्टिक खाद्यन्न परिवार र समाजमा स्वास्थ्य सचेतनाको पनि उत्तिकै आवश्यकता छ । भोलिका भविष्यका कर्णधार निरोगी र स्वस्थ जन्मिउन् भन्नको निम्ति पनि ध्यान दिनुपर्दछ । आम रूपमा भन्दा बच्चाको तीन

वर्षको उमेरमा उसको शारीरिक विकास भइसक्ने, पाँच वर्षको उमेरमा ९० प्रतिशत बालबालिकाको बौद्धिक विकास भइसक्ने भएको हुनाले पनि यसतर्फ ध्यान दिन आवश्यक छ ।

आज पनि कर्णाली प्रदेशमा १५ देखि २५ वर्षभित्रका महिलाहरूको ८० प्रतिशत महिलाहरू गर्भवती हुन्छन् । ३० प्रतिशत वर्थिङ्ग सेन्टरमा पुग्नका लागि आधा घण्टाको भन्दा बढीको बाटो हिँडनुपर्ने अवस्था छ । सुदूरपश्चिम प्रदेशमा मातृमृत्युदर १ हजारमा २८३ जनाको रहेको छ । यसतर्फ सरकारको ध्यान जान र योजना बनाउन आवश्यक छ ।

विश्व कहाँबाट कहाँ पुगिसक्यो । नेपाली समाजको चेतना न्यूनता माफ गर्न लायक छैन । सुत्केरी महिलाले घिउ भात मात्र खानुपर्छ, ज्वानो मात्र खानुपर्छ, हरियो सागसब्जी खाए बच्चाले हरियो दिसा गर्छ, दुध दही खाए बच्चा विरामी पर्छ खानुहुँदैन भन्ने अन्धविश्वासपूर्ण रीति हानिकारक परम्परा र प्रचलन हो । अब धेरै ढिला भइसकेको छ । समाजमा सचेतना ल्याउन आवश्यक छ । महिला सृजना र सृष्टिकर्ता हुन् । गर्भवती सुत्केरी अवस्थामा भनेको विशेष अवस्था हो । यसतर्फ परिवार, समाज, सरकार गम्भीर हुनैपर्छ । परिवार, समाजभित्र पनि स्वास्थ्य सचेतनाको आवश्यक गर्दछ ।

नेपाल सरकारले पन्ध्रौं पञ्चवर्षीय योजनाले सन् २००० सम्ममा सबै जिल्लामा बालपोषण भत्ता पुऱ्याउने लक्ष्य लिएको छ । अहिले २५ जिल्लामा सञ्चालित कार्यक्रमले ११ लाख बालबालिकाले लाभ लिएका छन् । यसतर्फ प्रस्तुत नीति तथा कार्यक्रममा कति बालबालिकाको बिचमा पुग्ने? कति जिल्लामा पुग्ने? भन्ने कुरो अनिश्चित छ । निर्धारण गरिएको छैन ।

आर्थिक वर्ष २०७८/०७९ मा गरिबको पहिचान २३ जिल्लामा गरियो भन्ने छ । २ लाख २३ हजार ३ सय ३० परिवारमा परिचयपत्र, गरिबीको परिचयपत्र उपलब्ध गराइयो भनिएको छ । के गरियो? परिचयपत्र मात्र उपलब्ध गराइयो कि? उनीहरूलाई केही राहत हुने जग्गा जमिन र केही अरू व्यवस्था गरियो? म सम्माननीय अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

यस आर्थिक वर्षमा राष्ट्रिय भूमि आयोगमार्फत चार सय भूमिहिन दलितलाई जग्गा धनी पुर्जा दिएको भन्ने छ । कहाँ कहाँ जनतालाई दिइयो? के दियो? यस आर्थिक वर्षमा यदि चार सय परिवारलाई मात्रै जग्गा धनी पुर्जा दिएको हो भने यो लाजमर्दो अवस्था हो, नेपाल सरकारको ।

अघिल्लो नीति कार्यक्रम र बजेटमा काठमाडौंको गोठाटारमा ४५ बेडको क्षमताको अस्पतालसहित १६५ जनाको क्षमताको वृद्धाश्रम बनाउने योजना थियो । तर अहिले रिपोर्टमा

के देखिन्छ भने विस्तृत योजना चाहिँ तयार गरियो, खरिद गर्ने प्रक्रियामा छ भन्ने छ । यस वर्ष त यो विषयलाई सम्बोधन गरिएको छैन । यसर्थ, म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

आज भुटानी शरणार्थीको कुरा उठिरहेको छ । भ्रष्टाचारको सम्बन्धमा धेरै माननीयज्यूहरूले राखिसक्नुभएको छ र म पनि केही राख्न चाहन्छु भने निर्दोष चाहिँ नछुटुन्, नपरुन्, दोषी चाहिँ नछुटुन् । निर्दोष नपरुन् भन्ने कुरालाई जोड दिन चाहन्छु । र फेरि हाम्रो प्रधानमन्त्रीज्यूले एउटा ट्रेलर चाहिँ देखाइरहेको छु, फिलिम चाहिँ पछि बाँकी छ भन्नुभएको थियो । त्यो फिलिम देखाए भइहाल्छ नि त । भ्रष्टाचारीहरू को को हुन? कहाँ छन्? जोसुकै भए पनि कारबाहीको दायरामा ल्याउनुपर्छ । र यो भन्ने कुरामा हामी जोड दिइरहेका छौं, सरकारलाई साथ दिइरहेका छौं । सरकारले खुट्टा कमाउनुभएन । जो दोषि छन्, तिनलाई कारबाही गरौं । दायरामा ल्याऊँ, छानबिन गरौं भन्न चाहन्छु ।

सम्माननीय प्रधानमन्त्री छिमेकी राष्ट्र भारतको भ्रमणमा जाँदै हुनुहुन्छ । नेपालको तर्फबाट के विषय लिएर जाँदै हुनुहुन्छ? (सम्माननीय अध्यक्षज्यू, एक मिनेट थपिदिनु होला ।) के विषय लिएर जाँदै हुनुहुन्छ? भारतीय सुरक्षाकर्मीको कारण तुइन चुडिएर ज्यान गुमाएका जय सिंह धामीलाई पनि सम्झिनु होला । कालापानी क्षेत्रमा बसेका भारतीय सेनाहरू हटाउने विषयको स्मरण गर्नुहोला । १९५० को सन्धि पुनरावलोकनको विषय लिम्पियाधुरा, लिपुलेक, कालापानीको जग्गा प्राप्तिको विषय, नेपाल-भारत सीमा क्षेत्रको भारतकै कारणले नेपाल र भारत सीमा क्षेत्रमा उत्पन्न भएका समस्याको बारेमा उहाँलाई शक्ति पैदा गरोस् । यो संसदबाट पनि र पशुपतिनाथले पनि उहाँलाई शक्ति दिउन् । र उहाले नेपालको बारेमा बोल्न सक्नुहोस् । नेपाली जनताको पक्षमा उभिएर बोल्न सक्नुहोस् भन्ने कुरो राख्न चाहन्छु ।

सरकारले नीति कार्यक्रममार्फत आर्थिक वर्ष, यस आर्थिक वर्षमा २६ ओटा कानुन बनाउने कुरो ल्याएको छ । परिमार्जन गर्ने कुरो ल्याएको छ । गठबन्धन सरकारको न्यूनतम साझा कार्यक्रमलाई प्राथमिकतामा राखेर उहाँहरूले १२ ओटा जति काननुलाई समसायमिक बनाउने कुरा गर्नुभएको छ । यो भन्ने मात्रै हो कि? कागजमा लेख्ने मात्रै हो कि? गर्ने पनि हो? म प्रश्न सोध्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, संसदलाई बारम्बार अलमलाउने जालझेलमा राख्ने काम नगरौं । कति गर्न सकिन्छ, त्यति गरौं । सही र सत्य काम गरौं भन्ने कुरो जोड दिँदै आफ्नो भनाइ यहीं अन्त गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय गंगा कुमारी वेलबासे । समय ८ मिनेट ।

(१४:३८ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, गणतन्त्र दिवसको अगाडि छौं । सम्पूर्ण गणतन्त्र ल्याउनको लागि बलिको वेदीमा आफूलाई समर्पण गर्ने महान् सहिदहरू, घाइतेहरू, अपाङ्गहरू र त्यसप्रति लागी पर्ने सम्पूर्णमा, सहिदहरूमा श्रद्धाञ्जली व्यक्त गर्दै सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

आज हामी नीति कार्यक्रममाथिको बहस सकेर, छलफल सकेर हामी बजेटको एउटा निकट सन्दर्भमा छौं । र देशलाई कसरी अगाडि बढाउन सकिन्छ, यो नयाँ निर्वाचनपछाडिको सरकार आफ्नो नयाँ कार्यक्रम र बजेटसहित अगाडि बढ्न लागिरहेको यस अवधिमा थुप्रै समस्याहरू पनि छन् । म ती त्यस्तै समस्याहरू यहाँ राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, म विगत १० वर्षदेखि राष्ट्रिय निकुञ्ज र माडीको बाटोलाई जोड्ने जम्मा ९ किलोमिटर बाटो धुलोरहित गरियोस् भनेर धेरै तड्पिएका छौं, धेरै अनसन बसेका छौं र धेरे डेलिगेसनहरू काठमाडौं, सिंहदरवारसँग आइरहेका छौं । यो धुलोरहित यो वर्ष गरिएन भने त्यहाँ बस्नुको विकल्प छैन र त्यहाँ बस्न सक्ने अवस्था छैन । जङ्गलको १ किलोमिटरसम्म धुलोले वन हेर्न नसकिने गरी धुलैधुलो भएको छ । र त्यहाँका युवाहरूले एउटा आन्दोलनको रूपमा जङ्गली जनावरलाई माक्स लगाएर विरोध प्रदर्शन गर्नुभएको थियो । त्यसैले म यो सदनमा के भन्छु भने त्यो ९ किलोमिटर बाटोलाई धुलोरहित गर्नका लागि सरकारका सबै मन्त्रीहरूले एउटा निर्णय गर्न जरुरी छ । त्यो निर्णय गरेर अगाडि बढोस् भन्ने कुरा म माग गर्न चाहन्छु ।

त्यस्तै गरेर माडीमा बिजुलीको समस्या छ । बल्ल बल्ल भूमिगत गरेर बिजुली लगिएको छ । कहाँ बिग्रिन्छ था' छैन । पानी आयो कि बिजुली बिग्रिसकेको हुन्छ । त्यहाँको केबल कमजोर छ र कमजोरै राखिएको हो भन्ने पनि निष्कर्ष छ । अर्को साइडबाट नयाँ केबल राखियोस् र त्यहाँको बिजुलीलाई व्यवस्थित गरियोस् । र त्यहाँका जनताले पनि उज्यालोमा बस्न पाउने, त्यहाँको उद्योगधन्दालाई अगाडि बढाउन पाउने र त्यहाँको उद्योगधन्दालाई आफ्नो संरक्षण गर्न पाउने त्यहाँ कृषिको राम्रो एउटा पूर्वधारहरू छ । त्यहाँ दुधमा नगरपालिका र संघीय सरकारले गरेर ५ रुपैयाँ अनुदान दिएको छ । सायद अन्त यति छैन होला । चक्लावन्दी गरेर काम सुरु गरेका छौं । विभिन्न युवाहरूले उत्पादनमा सूर्यमुखीलगायत कृषिमा खाद्यन्न, तरकारी र फलफूलको जोन बनाउनको लागि मेहेनत गरिराख्नुभ'को छ । त्यस्तो

ठाउँलाई बिजुली कसरी पुर्याउन सकिन्छ भनेर सरकारले तुरुन्तै यो पहल अगाडि बढाओस् भन्ने कुरा म राख्न चाहन्छु ।

त्यस्तै गरेर त्यहाँ अर्को हामीसँग भएको भनेको राष्ट्रिय निकुञ्ज एउटा अवसर हुनुपर्ने हो । हामी राष्ट्रिय निकुञ्जबाट त्यहाँ असाध्यै पीडित छौं । र एउटा अभिशाप बन्न पुगिराखेको छ । राष्ट्रिय निकुञ्जलाई अवसरमा बदल्नका लागि थुप्रै कामहरू गर्न जरुरी छ । त्यो भनेको सबैभन्दा ठुलो त पर्यटकीय क्षेत्र हो । र मैले अगाडिको सदनमा पनि तपाईंहरू सबैजना एकचोटि माडी पुग्नुस् भनेको छु । चारैतिर जङ्गलले घेरिएको त्यो जहाँ माडी नगरपालिका छ, त्यो नेपालको एउटा मात्रै त्यस्तो नगरपालिका हो जहाँ चारैतिर वफर जोन छ । र वफर जोनभित्रको बस्ती कस्तो छ भन्ने कुरा अप्ठेरो, त्यहाँको अप्ठेरोको कुरा तपाईंहरूले बुझ्नुपर्छ । र त्यहाँको सम्भावना सबैले देख्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । वफर जोन क्षेत्रभित्र धेरै सुकुम्बासीहरू हुनुहुन्छ । कसरी यो सुकुम्बासी समस्या हल गर्ने हो? सरकारले यसप्रति चासो दिनुपर्छ ।

र देशैभरिको सुकुम्बासी समस्याका एकै खालका समस्याहरू छन् । ती राष्ट्रिय निकुञ्जका समस्या, ती राष्ट्रिय वनका समस्या, ती सामुदायिक वनका समस्या, ती कबुलियत वनका समस्या र संरक्षण क्षेत्र, अन्नपूर्ण संरक्षण क्षेत्रका कारणले हाम्रो मनाङ मुस्ताङ सिङ्गै जिल्लाका जग्गाहरू नापी भएका छैनन् । संरक्षण क्षेत्र बनाउने हो कि जनताले पनि त्यहाँ बस्न पाउने हक, अधिकार पाउने हो? यो कुरा सरकारले छलफल गर्नुपर्छ । र त्यस्ता ऐनहरू संशोधन गर्नुपर्छ, त्यस्ता ऐनहरूलाई चैं नयाँ बनाउनुपर्छ । हामी भूमि ऐन, २०२१ लाई मानेर, टेकेर अगाडि बढिरहेका छौं । कहिले संशोधन हुन्छ भूमि ऐन, २०२१? कहिले संशोधन हुन्छ निकुञ्ज ऐन, २०२९? र वन ऐन यस्तै समस्या बनिरहेको छ । अहिले भर्खरै यहाँ तुलसा माननीयज्यूले भन्नुभयो राष्ट्रिय भूमि आयोगले के काम गरेको छ? कहाँ बसेको छ? कसरी गरिराखेको छ? भनेर क्वोइसन सोध्नुभयो । मैले बिहान सोधेको थिएँ र बुझेको थिएँ, राष्ट्रिय भूमि आयोगलाई यिनै समस्याहरूले काम गर्न दिइराखेको छैन । उनीहरूसँग साधन स्रोत छैन । उपाध्यक्ष चढ्ने एउटा गाडी छ, अरू साधन छैन । र जनतासँग गएर त्यहाँको समस्या जम्मा गर्ने, भेला गर्ने, बुझ्ने र एउटा खाजा खाने स्थिति छैन, तालिम दिने स्थिति छैन । यसलाई एउटा आयोगलाई सुविधा सम्पन्न गराइयोस् र एकपटकको लागि वन ऐनलाई संशोधन गरेर समस्याहरूलाई हल गरेर एकपटक सुकुम्बासीहरूलाई जग्गा दिने व्यवस्था गरियोस् भन्ने कुराहरू म राख्न चाहन्छु ।

यस्तै गरेर नेपालमा १७ थरीका शिक्षकहरू छन् । शिक्षकहरूले भन्नुभएको छ, हामीलाई दरबन्दीमा राखियोस् । दरबन्दीअनुसार चैं शिक्षकहरूले आफ्नो कामलाई अगाडि बढाउन चाहनुहुन्छ र नेपाल सरकारको तलब खान चाहनुहुन्छ । अहिले पनि १७ थरी शिक्षकहरू छन् । विभिन्न खालको चैं अवस्थाहरू छ । दरबन्दी मात्रै तोक्दाखेरि उहाँहरूको समस्या हल हुने स्थिति छ र त्यहीबाट क्रमशः बढुवा हुने स्थिति छ । त्यसो भ'को हुनाले शिक्षकका समस्याहरूलाई पनि सम्बोधन गरेर अगाडि बढियोस् भन्ने कुराहरू राख्दै मैले मेरो भनाइ आज यहीँ अन्त गर्न चाहन्छु । हवस्, धन्यवाद ।

(१४:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति एवम् कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँदछु ।

विषयः मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति तथा कार्यभार सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा मिति २०८०/०२/०९ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नुभएको बेहोरा अनुरोध गर्दछु ।

| **नाम, थर** | **पद** | **कार्यविभाजन** |
|---|---|---|
| श्री वीरेन्द्रप्रसाद महतो | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| श्री प्रमिला कुमारी | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |

(डिल्लीराम शर्मा)
सचिव
२०८०/०२/१०

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँदछु ।

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत स्विट्जरल्याण्डको जेनेभामा आयोजना हुने 76th वर्ल्ड हेल्थ एसेम्बली कार्यक्रममा सहभागी हुन मिति २०८० जेठ ६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायणप्रकाश साउदले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०८०/०२/०७

माननीय सदस्यहरू, संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य जगप्रसाद शर्मा, माननीय सदस्य देवेन्द्र दाहाल र माननीय सदस्य रमेशजंग रायमाझी तथा सोही नियमावलीको नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ, माननीय सदस्य मदन कुमारी शाह (गरिमा) र माननीय सदस्य मोहम्मद खालिदको नाम मनोनयन गरेको छु ।

माननीय सदस्यहरू, प्रस्तावित नामहरूलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले टेबल ठोकेर सहमति जनाइदिनुभएको) ।

माननीय सदस्यहरू, प्रस्तावित नामहरूलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतलाई आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षण र सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:४९ बजे) **<u>माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत</u>**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०७९/०८० को फागुनसम्म तथा अघिल्लो आर्थिक वर्षका आर्थिक, सामाजिक गतिविधिको उपलब्धि एवम् सोको विश्लेषणसहितको आर्थिक सर्वेक्षण २०७९/०८० र सार्वजनिक संस्थानहरूको वर्तमान कार्यसम्पादनको अवस्था, वित्तीय अवस्था समस्या तथा चुनौतीहरूको विश्लेषणसहितको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८० यस सम्मानित संघीय संसदसमक्ष पेस गरेको छु ।

सन् ०२२/०२३ मा विश्व आर्थिक गतिविधिमा सुस्तता आई सोको प्रत्यक्ष प्रभाव नेपालको अर्थतन्त्रमा समेत परेको छ । अन्तर्राष्ट्रिय आर्थिक परिवेश र संरचनात्मक समस्याका कारणले थोक तथा खुद्रा व्यापार निर्माण उत्पादनमूलक उद्योगको उत्पादनलगायत समग्र आर्थिक क्रियाकलाप सङ्कुचन भई चालु आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धिदर २ पोइन्ट १६, वान छ प्रतिशत हुने अनुमान छ । वस्तु आयातमा भएको सङ्कुचन र समष्टगत मागमा आएको कमिको कारण आर्थिक गतिविधिमा सुस्तता आई स्रोत व्यवस्थापनमा समेत दबाब सिर्जना हुन गएको छ ।

विश्व बजारमा पेट्रोलियम पदार्थलगायत, खाद्यान्न तथा कच्चा पदार्थ मूल्यमा भएको वृद्धिको कारण चालु आर्थिक वर्षको सुरुआतमा आयातित वस्तुको साथै समग्र मूल्यस्तरमा दबाब सिर्जना भएको थियो । यद्यपि हाल खास गरी पेट्रोलिय वस्तु मूल्य क्रमशः कम हुँदै गएको र सोको निरन्तरता कायम रहेमा मूल्यमा परेको दबाब कम हुँदै जाने अपेक्षा गरेको छु । गत आर्थिक वर्षमा बाह्य क्षेत्रमा देखिएको दबाब व्यवस्थापनको लागि अवलम्बन गरिएको आयात नियमन तथा नियन्त्रण नीतिको पुनरावलोकन र विप्रेषण प्रवाहमा भएको उल्लेखीय वृद्धिको फलस्वरूप बाह्य क्षेत्र सन्तुलनमा सुधार भएको छ । सोधानान्तर स्थिति वचतमा रहेको छ । विदेशी मुद्रा सञ्चिति ९ पोइन्ट ४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ ।

कोभिड- १९ सङ्क्रमणको प्रभाव कम हुँदै गएसँगै पर्यटन आगमनमा उल्लेखीय वृद्धि भएको छ । वित्तीय पहुँचमा विस्तार भएको छ । सूचना प्रविधिको निरन्तर विकाससँगै आमजनतामा यसको पहुँच विस्तार हुँदै गएको छ । संघीय सरकारबाट निर्माण भएको सडकको लम्बाइ ३४ हजार १ सय किलोमिटर पुगेको छ । कुल जडित विद्युत् क्षमता २६ सय ६६ मेगावाट पुगेसँगै वर्षायाममा विद्युत् निर्यातसमेत हुन थालेको छ ।

आधारभूत तहमा कुल भर्ना दर बढेको छ । मातृ मृत्यु दर, बाल मृत्यु दर, नवजात शीशु मृत्यु दर घटेको छ । आधारभूत खानेपानी र विद्युत्मा पहुँच करिब ९५ प्रतिशत

जनसङ्ख्या पुगेको छ । समग्रमा सामाजिक तथा भौतिक पूर्वाधारको क्षेत्रमा सन्तोषजनक उपलब्धि हासिल भएको छ । यसपटकको आर्थिक सर्वेक्षणमा राष्ट्रिय जनगणना २०७८ बमोजिमको जनसाङ्ख्यिक संरचना र जनसाङ्ख्यिक लाभलाई आर्थिक दृष्टिकोणबाट विश्लेषण गरी छुट्टै अध्यायको रूपमा प्रस्तुत गरिएको छ । साथै जलवायु परिवर्तन, दीर्घकालीन विकास लक्ष्यजस्ता समसामयिक विषयवस्तुसमेत समेटिएको छ । सरकारले कार्यान्वयनमा ल्याएका शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधारलगायतका राष्ट्रिय कार्यक्रमको सिंहावलोकनसमेत गरिएको छ । सार्वजनिक संस्थाको वार्षिक स्थिति समीक्षातर्फ यसअन्तर्गत सार्वजनिक संस्थाको क्षेत्रगत अवस्था, वित्तीय कार्यसम्पादन विश्लेषण, व्यवस्थापकीय विश्लेषण र विनिवेशको अध्यावधिक अवस्थाको साथै सार्वजनिक संस्थान व्यवस्थापनका विविध पक्षको अध्ययन गरी मूल्याङ्कन गरिएको छ । विगतमा सार्वजनिक संस्थान मुलुकको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भए तापनि समय क्रममा खास गरी सञ्चालन एवम् व्यवस्थापनमा देखा परेका कमीकमजोरीका कारणले समग्र वित्तीय स्थिति त्यति सन्तोषजनक हुन नसकेको स्थिति छ । नेपाल सरकारको लगानी रहेका ४४ सार्वजनिक संस्थानहरूमध्ये २५ मात्रै नाफामा सञ्चालित छन् । सार्वजनिक संस्थानमा नेपाल सरकारको सेयर तथा ऋण लगानी २०७९ असारसम्म रु. ६ खर्ब १८ अर्ब पुगेको छ । वार्षिक वर्ष ०७८/०७९ मा सार्वजनिक संस्थानबाट नेपाल सरकारले रु. ६ अर्ब १६ करोड बराबरको लाभांश अर्थात् लगानीको १ प्रतिशत लाभांश प्राप्त गरेको छ । कोषमा व्यवस्था नभएको दायित्व अन्फन्डेड लाइबिलिटी २० पोइन्ट ३ प्रतिशतले घटेको छ । सार्वजनिक संस्थानको कुल सञ्चालन आय ३६ पोइन्ट २ प्रतिशतले वृद्धि भएको ५ खर्ब ७५ अर्ब पुगेको छ । प्रभावकारी रूपमा सञ्चालन हुन नसकेका र सार्वजनिक क्षेत्रमा राखिरहन आवश्यक नभएका संस्थानको पहिचान गरी थप पुँजी, प्रविधि र सक्षम व्यवस्थापनसहित निजी क्षेत्रबाट सञ्चालन गर्न आवश्यक देखिएको छ । सार्वजनिक क्षेत्रभित्र राख्न आवश्यक संस्थानको संरचनात्मक र व्यवस्थापकीय सुधार आवश्यक देखिन्छ । निजीकरण गरेका, गरिने र सरकारी संयन्त्रमा नै सञ्चालन हुने सबै प्रकारका सार्वजनिक संस्थान उद्देश्यअनुरूप सञ्चालन भए नभएको वस्तु तथा सेवाको गुणस्तर र सेवाग्राही सन्तुष्टिसमेत अनुगमन एवम् मूल्याङ्कन गरी नियमित सुधार गर्दै जानुपर्ने देखिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आर्थिक वर्ष २०७९/०८० को आर्थिक सर्वेक्षण र सार्वनजिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८० सभासमक्ष पेस गर्दछु । धन्यवाद । जय नेपाल ।

**(१४:५५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ १५ गते सोमवार अपराह्न ६ बजेर १६ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ १५ गते सोमवार अपराह्न ६ बजेर १६ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगित:- १४:५५ बजे ।**